# धर्मकीर्ति

## THE DHARMAKIRTI

### A BUDDHIST MONTHLY

माघ पूर्णिमा



थाइ नरेश भूमिबल भिक्षु हुँदाको दृश्य

DHARMAKIRTI

वर्ष- १६ अङ्क- १० वार्षिक रु. ५०/- मूल्य रु. ५/-

Downloaded from http://www.dhamma.digital

धर्मकीर्ति विहारमा बिक्रीका लागि राखिएका पुस्तकहरू:-

**नेपाली भाषा**

| पुस्तकको नाम | लेखकको नाम |
|---|---|
| १. स्नेही छोरी | बर्मी भिक्षु "र वे थ्वं" |
| २. बौद्ध प्रश्नोत्तर | अ. धम्मवती |
| ३. श्रमण नारद | श्री युत्त नाथुराम प्रेमी |
| ४. मति राम्रो भए गति राम्रो हुन्छ | अ. धम्मवती |
| ५. बौद्ध दर्पण | प्रकाश बज्राचार्य |
| ६. बौद्ध विश्वास | के. श्री धम्मानन्द |
| ७. गृही विनय | भिक्षु अमृतानन्द |
| ८. बौद्ध ध्यान | भिक्षु अश्वघोष |
| ९. बुद्ध पूजा विधि | अ. धम्मवती |
| १०. निन्दाबाट बच्ने कोही छैन | भिक्षु अश्वघोष |
| ११. जातक कथा | प्रकाश बज्राचार्य |
| १२. बुद्ध पूजा विधि र कथा संग्रह | अ. धम्मवती |
| १३. तथागत हृदय | भिक्षु महानाम |
| १४. सम्यक शिक्षा भाग (२) | भिक्षु अश्वघोष |
| १५. सम्यक शिक्षा भाग (३) | भिक्षु अश्वघोष |
| १६. बुद्ध र बुद्ध धर्मको संक्षिप्त परिचय र बुद्धको जन्मभूमि नेपालमा बुद्ध धर्मप्रति असहिष्णुता | भिक्षु अश्वघोष र भिक्षु सुदर्शन |
| १७. आर्य शील र आर्यमार्ग | भिक्षु अश्वघोष |
| १८. मानव स्वभाव | अ. धम्मवती |
| १९. आर्य सँस्कृति | भिक्षु अश्वघोष |
| २०. बुद्धको अन्तिम यात्रा | मूल पाली अनुवादिका अ. धम्मवती |
| २१. बेस्सन्तर जातक | भिक्षु अमृतानन्द |
| २२. बुद्ध पूजा विधि र परित्राण | अ. धम्मवती |

**नेपाल भाषा**

| सफूया नां | लेखकया नां |
|---|---|
| १. किसा गौतमी | प्रकाश बज्राचार्य |
| २. निर्वाण | भिक्षु सुदर्शन |
| ३. संसारया स्वापू | अ. धम्मवती |
| ४. पट्ठानपाली | |
| ५. धम्मपदया बाखँ | भिक्षु अश्वघोष |
| ६. मनूतय्‌गु पहः | अ. धम्मवती |
| ७. प्रार्थना संग्रह | |
| ८. अभिधम्म भाग (१) | सम्पादक, अ. धम्मवती |
| ९. अभिधम्म भाग (२) | सम्पादक, अ. धम्मवती |
| १०. धम्मपद | भिक्षु अमृतानन्द |
| ११. जातक बाखँ | अ. धम्मवती |
| १२. त्रिरत्न वन्दना | |
| १३. परित्त सुत्त | भिक्षु प्रज्ञानन्द |
| १४. बुद्ध धर्म | अ. धम्मवती |
| १५. आदर्श बौद्ध महिलापिं | अनुवादिका अ. माधवी |
| १६. झंगः लाइम्ह् लाखे | प्रकाश बज्राचार्य |
| १७. श्रामणेर विनय | धर्मरत्न शाक्य |

## विदेशी उपासिकाबाट गुरुमाँहरूलाई दान

२०५५ पौष १४ गते। यसदिन अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रमा संचालित दान कार्यक्रममा अमेरीकाबाट आउनु भएकी उपासिका श्रीमती सुखवतीले लगभग ६७-६८ जवान गुरुमाँहरू प्रत्येकलाई रू. पन्धसय रकम दान दिनुभयो। बुद्धको शिक्षा प्रचारप्रसार गर्ने कार्यमा आफूले सक्दो योगदान दिइरहनु भएका गुरुमाँहरू देखि प्रभावित हुँदै विदेशी उपासिका सुखवतीले भन्नुभयो- "त्यागमय जीवन बिताइरहनु भएका गुरुमाँहरू साँच्चिकै साहसी हुनुहुन्छ। सयादो उ आसभाचार र सयादो उ सुजनपियको सहयोगद्वारा संचालित यस कार्यक्रममा आज मैले गुरुमाँहरूलाई दान दिने मौका प्राप्त गरेकी छु। हामी सबैको जीवन सुख र शान्तिमय हुन सकोस्।"

कार्यक्रममा उपस्थित हुनु भएका सबै गुरुमाँहरूले दाता सुखवतीको जीवन सुखमय होस् भन्ने कामनागरी मैत्री सूत्र पाठ गरिएको थियो। सो कार्यक्रममा गुरुमाँहरूको तर्फबाट बोल्नु हुँदै धम्मवती गुरुमाँले भन्नुभयो– "सुखवती उपासिकाले धर्ममा जीवन समर्पण गरिरहनु भएका गुरुमाँहरूलाई दान दिनुभई धर्ममा सहयोग पुऱ्याउनु भएको छ। उहाँको जीवन सुखमय र मंगलमय होस् भनी हामी सबै गुरुमाँहरूले कामना गरेका छौं।

यस कार्यक्रममा रत्नमान शाक्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो भने धर्मरत्नद्वारा पनि आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो।

## विषय–सूचि


१. धम्मपद - ११७ — २
२. शान्तिका अग्रदूत सिद्धार्थ — २
३. बुद्ध धर्म के हो ? — ३
४. शुभकामना, जीवन, मूर्ख — ४
५. दान, दायक र दाता — ५
६. बुद्धकालीन प्रमुख विहारहरू-३ — ७
७. तृप्त नभएको आशा — ९
८. हे ! विश्वका कर्मवीरहरू — ९
९. त्रिपिटक वाङ्मय चिनारी (सूत्रपिटक-दीघनिकाय)-६ पोट्ठपाद-सुत्त — १०
१०. संयुक्त निकाय-५ (तेश्रो भाग) — १२
११. बोधिसत्वराजा — १५
१२. धर्मकीर्ति पत्रिकाया मिसा च्वमिपिं १० — १७
१३. धर्मकीर्ति विहार गतिविधि — १९
१४. धर्म प्रचार समाचार — २१
१५. छलफल - सब्ब रसं धम्म रसं जिनाति — २४


Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
विद्यासागर रञ्जित

व्यवस्थापकहरू
चिनीकाजी महर्जन
ज्ञानेन्द्र महर्जन

सह-व्यवस्थापक
ध्रुवरत्न स्थापित

सम्पादक
भिक्षुणी वीर्यवती

प्रधान सम्पादक
भिक्षु अश्वघोष महास्थविर
फोन- २५५९६०, २५९११०

प्रकाशक र विशेष सल्लाहकार
भिक्षुणी धम्मवती

कार्यालय
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघ: नघ: टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४२
नेपालसम्वत् १११९
इस्वीसम्वत् १९९९
बिक्रमसम्वत् २०५५

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ५०/- |
| यस अङ्कको | रु. | ५/- |


# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
A BUDDHIST MONTHLY

February 1999

| वर्ष- १६ | अङ्क- १० | सिपुन्ही | २०५५ |
|---|---|---|---|





## मित्र र अमित्र

जो मीठो मसिनो खान पाउन्ज्याल र आँखाका अगाडि मात्र प्रिय बन्दछ, त्यो सच्चा मित्र होइन। जसले काम सकिएपछि पनि मित्र बनिरहन्छ, त्यही नै मित्र हो।

यी चारजनालाई चाहिं अमित्र रूपमा अभिन्न सम्झनु पर्छ –

१) अरूको धन हरण (चोर्ने) गर्नेहरू,

२) व्यर्थको कुरा बताउनेहरू,

३) संधै मीठो मीठो चिप्ले कुरा गर्नेहरू,

४) हानि कारक काममा सहायता दिने।

जसले खराब काम गर्न सल्लाह दिन्छ, सामुन्ने प्रशंसा गरी पछाडि चाहिं निन्दा गर्दछ, त्यो मित्र होइन, अमित्र हो।

★★★

Downloaded from http://www.dhamma.digital

"उदकं हि नयान्ति नेत्तिका
उसुकारा नमयन्ति तेजनं
दारूं नमयन्ति तच्छका
अत्तानं दमयन्ति सुब्बता"

**अर्थः**– ढल खन्नेले आफूलाई चाहिएको ठाउँमा पानी लग्छ, बाण बनाउनेले आफूलाई चाहिने जस्तो किसिमले बाण बनाउँछ, सिकर्मीले आफूलाई चाहिने जस्तो किसिमले काठ चिर्छ, बुद्धिमानीले विवेकपूर्वक आफैलाई दमन गर्छ।"

**घटनाः**– भगवान बुद्ध जेतवन विहारमा बस्नु हुँदा सुख श्रामणेरको कारणले यो गाथा भन्नु भएको थियो।

सारिपुत्र महास्थविरले सुख श्रामणेरलाई सात वर्षको उमेरमा प्रव्रजित गराइदिनु भयो। श्रामणेर भएको आठौं दिनमा सुख श्रामणेर सारिपुत्र महास्थविरको पछि पछि लागेर भिक्षाटनको लागि गए। भिक्षाटनको लागि बाटोमा हिंड्दै जाँदा उहाँहरूले केही किसानहरूले पानीको ढल आफ्नो खेततिर लगेर सिँचाइ गरिरहेको देख्नुभयो। त्यहाँबाट अर्को एक ठाउँमा धनुषबाण बनाउने मानिसहरूले बाणलाई सिधा बनाइरहेको देख्नुभयो। फेरि अर्को एक ठाउँमा सिकर्मीहरूले रथको पाँग्रा बनाउन काठलाई गोलो काटीरहेको देख्नुभयो। यी दृश्यहरू देखेर सुख श्रामणेरले सारिपुत्र स्थविरसँग सोधे– "के यी निर्जीव वस्तुहरूलाई मानिसहरूले आफूले चाहे जस्तो बनाउन र ढाल्न सक्छन् ?" स्थविरले अवश्य सक्छन् भनी दृढतापूर्वक भन्नुभयो। श्रामणेरले अनि मनमा चिन्ता गरे कि यदि यस्तो हो भने मानिसले आफ्नो मनलाई पनि नियन्त्रण गर्न र शान्तिको लागि अभ्यास गरेर अन्तर्मनको भावना गर्न नसक्ने कारण छैन।

श्रामणेरले उत्निखेरै आफ्नो पात्र स्थविरलाई दिएर विहारमा फर्के। त्यही दिन भगवान बुद्ध बिहानै बाहिर निस्केर गन्धकुटीमा फर्कनु भएर सोच्नुभयो– "आज सुख श्रामणेरले आफ्ना आचार्यलाई आफ्नो पात्र चीवर दिएर फर्क्यो। उसले यस्तो भन्दैथियो– "मैले आज अरहत्व प्राप्त गर्न दृढ प्रयास गर्छु।" के उसले अहिलेसम्म अरहत्व प्राप्त गरिसके ? भगवान बुद्धले देख्नुभयो– उसले प्रथम तीन मार्ग र तीन फल प्राप्त गरिसके। भगवान बुद्धले यो पनि थाहा पाउनुभयो कि त्यही दिन उसले अरहत्व पनि प्राप्त गर्नेछ।" यस्तो मनमा सोची भगवान बुद्ध गन्धकुटीबाट निस्केर ढोकामा उभिनुभयो।

✍ रीना तुलाधर

सारिपुत्र महास्थविरले भोजन ल्याउनुभयो। भगवान बुद्धले त्यहाँनिर सारिपुत्रसँग चारवटा प्रश्न सोध्नुभयो। जब सारिपुत्रले चारवटा प्रश्नको जवाफ दिन सकाउनु भयो त्यही समयमा विहारमा भित्र कोठामा ध्यान गरेर बस्ने सुख श्रामणेरले अरहत्व प्राप्त गरे। भगवान बुद्धले सारिपुत्रलाई भन्नुभयो– "जाऊ सारिपुत्र, श्रामणेरलाई भोजन दिएर आऊ।" सारिपुत्र स्थविरले भोजन दिनको लागि सुख श्रामणेर बसेको कोठामा घच घचाउनु भयो। श्रामणेर बाहिर निस्केर स्थविरलाई आदर गरे। स्थविरले उसलाई भोजन खान दिनुभयो।

त्यो दिन भिक्षुहरूको बीच कुराकानी भयो। भगवान बुद्धले उनीहरूको के कुरा भनी सोध्नुहुँदा उनीहरूले भने– "आजको दिनमा बिहान लामो भयो र ढीलो साँझ भयो। सुख श्रामणेरले भोजन खान सकिने बित्तिकै हाम्रै आँखा अगाडि सूर्य अस्तायो।" भगवान बुद्धले भन्नुभयो– "भिक्षुहरू ! असल व्यक्तिहरूले सत्प्रयासको लागि ध्यान बस्दा यस्तै हुन्छ। आज बिहान सुख श्रामणेरले किसानहरूले सिँचाइ गरेको, धनुषबाण बनाउने मानिसहरूले बाण सिधा बनाएको, सिकर्मीहरूले गोलो काठ काटेको देखे। यी सबै देखेर उसले पनि आफ्नो मनलाई सिधा गर्ने प्रयास गरेर आफैलाई दमन गरे र अरहत्व प्राप्त गरे।"

भगवान बुद्धले यस्तो भन्नुहुँदै उपरोक्त गाथाहरू भन्नुभयो। ■

## शान्तिका अग्रदूत सिद्धार्थ

✍ सरोजमान उदास, पोखरा

शान्तिका अग्रदूत भगवान गौतम
बुद्धको शरणमा जाउँ।
बुद्धको शरणमा धम्मको शरणमा
संघको शरणमा जाउँ।
अहिंसा पुजारी धर्माधिकारी।
मैत्रीका द्योतक करूणाकारी॥
शान्तिका ... ...
शीलका दाता विश्व विधाता।
विश्वको ज्योति हाम्रा विभूती॥
शान्तिका ... ...
सत्यका खोजक सुमार्ग दर्शक।
यथार्थवादी तथाकारी॥
शान्तिका ... ...
चित्तका शुद्धी ध्यानी र ज्ञानी।
जनहितकारी बुद्धको वाणी॥




Downloaded from http://www.dhamma.digital

# बुद्ध धर्म के हो ?

✍ नर्बु लामा

मानव संसार र मानव जीवनलाई सार्थक बनाउन बुद्धको धर्म, संस्कृति र इतिहासको साधन र साध्यको अध्ययन हुन जरूरी छ । बौद्ध धर्मले मानव मात्रलाई मात्रै हैन अपितु पृथ्वी, प्रकृति र सम्पूर्ण प्राणीको उद्धार, रक्षा, सन्तुलन र सम्वर्द्धनको बारेमा ज्ञान र तत्सम्बन्धी क्रिया गर्ने बाटो देखाउँछ । बौद्ध धर्म, साँस्कृतिक, जाति, वर्ग र तिनीहरूका धर्म समेतको अपरिहार्य व्यवहारिक नीति अवलम्बनको पाठ सिकाउने धर्म हो । हर कुनै जातिको आफ्नो ईश्वरीय वा कूल पूजा गर्नु भन्दा पनि बौद्ध धर्मको आचरण अवलम्बन गरी आफूले व्यवहारमा उतार्ने गरी उक्त धर्मदेशना अनुरुप आचरण गर्नसके हाम्रो जीवन निश्चय पनि फलदायक बन्न सक्दछ । मठ-मन्दिर भित्र गरिने पूजा-पाठ, आराधनाको सवालमा ईश्वरलाई मनन गर्दा मानवको अन्तरात्माको भावना विशेष अर्कै हुन्छ । त्यसवेला भक्तजनहरूका मनमा सबै ईश्वर एकै हुन्– सबै मानव एकै हुन् भन्ने भावना जागृत भएर आउँछ । पूजा-अर्चना, कर्मकाण्ड आदिको वैदिक रूप जुनसुकै धर्मावलम्वीहरूले पनि अदृश्य शक्तिको नाममा गरेको हुन्छ । मठ-मन्दिरमा छँदासम्म ऊ धर्मी हुन चाहन्छ, आफूले गरेको पापमोचन हुन चाहन्छ सट्टामा उसले भाकल गर्छ र कुखुरा-बोकाको बली चढाउन चाहन्छ । मठ-मन्दिर र आराधना पश्चात् जब ऊ बाहिर संसारमा आउँछ उसले फेरि पाप कार्य गर्न थाल्छ । यो सब हामी मानवद्वारा गरिने अज्ञानीपूर्ण, धर्मको नाउँमा उच्छ्रृंखल ल्याउने कार्य मात्रै हुन् । वास्तवमा धर्म गर्नलाई पूजा-आजा, मठ-मन्दिर र ढुंगाको देवी-देवताहरूका अघि पसारिनु केही औचित्य रहँदैन । बुद्धको धर्म भनेको आत्मासित सरोकार राख्ने भन्दा पनि दैनिक जीवनको, मरणोपरान्त, व्यवहारमा उतार्ने सत्चरित्र, सद्भाव, विचार राखी प्राणी र प्रकृतिप्रति दयावान, मैत्री र करूणामय व्यवहारिक बन्ने प्रेरणारूप बुद्ध धर्ममा हामी पाउँछौं ।

तथागत बुद्धको महापरिनिर्वाण पश्चात् एशिया महादेशको प्राय: जसो सम्पूर्ण उत्तर भारत, सिंहल द्वीप (श्रीलंका) नेपाल, चीन, जापान र जम्बुद्वीप आदि देशहरूमा तथागत बुद्धले पाएका समवोधी ज्ञान, जसमा मैत्रीभाव, करूणा र अहिंसावादको दर्शनरूपी धर्मको प्रचार धुमधाम सित हुन थाल्यो । त्यसवेला अर्कोतर्फ ब्राह्मण पुरोहित वा भनौं ब्राह्मण जातिले क्षत्रीय वर्गलाई उक्साई वैश्य र शुद्र जातिहरूमाथि घोर अत्याचार गर्ने गरेका थिए ।

हिन्दू धर्मको ठेक्का लिइएका ब्राह्मण पण्डितहरूको व्यवहार र पूर्वी यूरोपका पुरोहित (पादरी)हरूको व्यवहार प्राय: मिल्दो-जुल्दो थियो । मरेपछि स्वर्गमा सुरक्षित ठाउँ बनाई राखिदिने ठेक्का दिएकाहरूले जिउँदा जजमानहरूबाट मोटो धन असुल्ने, झुठो आश्वासन दिने गरेको, त्यस्ता व्यभिचारी धर्मगुरुहरूको हामी इतिहास पढ्न पाउँछौं । त्यस परापूर्वकालमा बुद्धको असिम बुद्धिमानी र आत्मज्ञानको प्रतिस्फूटनले संसार के हो, मानिसको दु:खको कारण के हो, मानिसले घरी-घरी जन्म लिनु र मानिसका सन्तान दर-सन्तानले पाउने सुख र दु:खका कारण आदि बारे खोजपूर्ण सत्य तथ्यको रहस्य जनमानसमा फैलाएकोले बुद्ध धर्मका अनुयायीहरूको संख्यामा बृद्धि हुन थालेको थियो । बौद्ध धर्म भित्रको वैज्ञानिक दर्शनोपदेश महाज्ञानको रूपमा प्रतिस्फूटित भई देश-विदेश फैलन थाले । त्यसबेला सर्वसाधारण मानिसलाई धमदिशना, त्यसको आचरणरूपी पञ्चशील आदिको रूपमा महान दर्शन हो भनेर बोध भएन तर बुद्धले देखाएको पंथमा पदयात्री चाहिं बने । हुँदाहुँदा बुद्धको धर्मको प्रचार -प्रसार जोरशोरले हुन थाल्यो । जुन त्यसबेलाको हिन्दू शासक र हिन्दू धर्मावलम्बीहरूका निम्ति असह्य हुन थाल्यो । त्यसबेला वैदिक कर्मकाण्ड गर्दा ब्राह्मण जातिको धर्म गुरु शंकराचार्यले ईश्वरको नाममा यज्ञ आदिमा नैवेद्यको रूपमा फलफूल अन्न बाहेक सोमरस (मद्य) प्राणीहरूको बली पश्चात् मासु र रगत, जीउँदो माछाको आहुतिको होम आदि गर्ने चलन गरेकोले तथागत बुद्धले त्यसको घोर निन्दा मात्रै हैन घोर विरोध पनि गरेका थिए । मद्यको बदला नरिवल भित्रको पानी, मासुको बदला बोक्रा भएको फलादि, रगतको बदला मह, जीउँदो माछाको सट्टा कुश र नरमुण्डको बदला जटावाला नरिवल पो चढाउनु पर्छ



Downloaded from http://www.dhamma.digital

भन्ने बुद्धको भनाई थियो। यसउसले हिन्दू धर्मबाट बौद्ध धर्मको प्रादुर्भाव भएको भन्ने गर्नु उल्टो दिशाहरू पूर्व र पश्चिम एउटै हो भन्ने जस्तो हो। वैदिककालदेखि चलि आएको हिन्दूहरूका पूजाआजा यज्ञ आदिमा मन्त्रोचारण गरी प्राणी बली दिने चलन चल्ती चलेरै आएको हो। अझ कुनै कुनै कालमा त मनुष्य बली दिने चलन रहेको बताइएको छ। त्यसैले बौद्ध धर्मको जन्म हिन्दू धर्मबाट कसरी हुन सक्यो– त्यो आधारहिन छ।

आध्यात्मिकवाद, ऋद्धि सिद्धिवाद र भौतिकवाद (व्यवहारिकवाद) सबै एकै होइनन्। यिनीहरूको दर्शन विधि प्रक्रिया एकै हुन सक्दैनन्। प्रबृत्ति, प्राणीको "वातावरण र जीवन शान्तिमय, भयरहित र करूणामय बनाउन साधकले उच्च साधनाद्वारा मात्र साध्य गर्न सक्दछ" तथागत बुद्धले भन्नुभएको छ।

सिद्धार्थ गौतम जन्मनुभन्दा पहिले सनातनी वैदिक धर्मको प्रभाव थियो। तर त्यसभन्दा अघि बौद्ध धर्म थिएन भन्न चाहिं मिल्दैन। सृष्टिको रचना, मानव सभ्यता र सामाजिक परिवेश संगसंगै बौद्ध धर्मको समन्वय परिशिष्ट कायम भएको हुन्छ। अर्थात् मानव जातिको जन्मसँगै बुद्ध धर्मको प्रादूर्भाव भएको हुन्छ। मानव सभ्यताको शुरुवात नै बौद्ध धर्म (दर्शन) द्वारा शुरू हुने गर्दछ। बौद्ध धर्म भनेको नै जीवनचर्या दर्शन हो। जुन हर कुनै मानवले मात्रै आफू खुशी ग्रहण गरी अनुशरण गर्न सक्ने धर्म हो।

त्यस्तै "ओम मनि पद्मे हुँ" भन्दै मालाका गेडाहरू गन्नुले बुद्धको धर्म मान्नेहरूले पनि बौद्धमार्गी हुँ भनेर भन्न मिल्दैन। चारित्रिक संरचनाको न्यूनतम आधारभूत आचरण र शुद्धिकरण नभएसम्म बौद्धमार्गी बौद्ध धर्मावलम्वी हुँ, भन्न मिल्दैन। अन्जानमा वा अज्ञानतावश पञ्चशीलको धर्म तोड्ने वा बौद्धमार्गी परिवारमा जन्मिए तापनि अथवा ज्ञानयुक्त भए पश्चात् पनि पञ्चशील पालन गर्न नसक्ने वंशजको नाताले बौद्धमार्गी भए पनि ऊ बौद्ध धर्मावलम्वी कहलाउन सक्दैन। तथागत गौतम बुद्धले बोधित्व प्राप्त गर्नु भए पश्चात् "अष्टमार्ग लिनसक्नु उत्तम हो" भनेर भन्नु भएको छ। "गृहस्थ मानवजातिले पञ्चशील ग्रहण गर्नु नै अष्टमार्गको बाटो अनुशरण गर्नु हरेक बौद्ध धर्मावलम्वीहरूको लागि सर्वथा अमर दर्शन प्राप्ति हुनेछ। ■

## शुभकामना

✍ भिक्षु विशुद्धानन्द

मरणको नेतृत्व गर्ने शुभ दिनमा
के दिउँ उपहार वस्तु छैन स्थिर स्थाई
त्रिरत्न शरणमा जीवन समर्पित पूज्य भन्तेको
खुलोस् स्वयम्भूको आँखा चार आर्य सत्यहरूमा

प्रभाश्वर चित्तलाई पाहुनाले धमिल्याए जस्तै
आइ पर्छन् मारहरू हितैषीको रूपमा पनि
प्रकाशित हुन सकोस् क्लेश संग्राम जितेर
बादल पन्छाएर चम्किएको पूर्ण चन्द्रमा जस्तै

आवेश शान्त नभएसम्म कामरागको महत्त्व जस्तै
भोग सम्पत्तिको महत्त्व हुन्छ मृत्यु नआएसम्म
फक्रिन सकोस् भै आर्य ज्ञानले पूर्ण
हिलोको बन्धन तोड्न सक्ने कमल जस्तै

## जीवन

शान्ति नै जीवनको साध्य
विवेक प्रयत्न यसको साधन

जीवन न आफ्नो न अरूको
सललल बगिरहने अविरल प्रवाह
यहाँ न प्रेम छ न विछोड
अज्ञानता तृष्णाहरूको खेल

जीवन एकतर्फी यात्रा निरन्तर
अतितसँग हुने सदा बेमेल
वर्तमान आधारहीन शून्य सागर
काल्पनिक अन्धकार भविष्य

## मूर्ख

मूर्ख आफू पनि जान्दैन अरूको कुरा पनि मान्दैन
तर्क शंका उपहास गरी आफ्नो हात माथि पार्दछ

मूर्खको मूर्खता देखेर जब विद्वान चुप लाग्दछ
तब मूर्खले आफूलाई सफल र महान ठान्दछ


Downloaded from http://www.dhamma.digital

# दान, दायक र दाता

✍ विश्व शाक्य

कोपिल ढुङ्गा, नदीपुरमा विपश्यना ध्यान केन्द्र खोलेपछि साधकहरूको सहभागिता राम्रै बढेको थियो। बिहान बेलुकीको नियमित साधनामा ५/७ जना हुन्थे। केटाकेटीहरू २०/३० जना हुन्थे। असार लागे यता उपस्थिति धेरै न्यून भैरहेको छ। नियमित वर्षा यसको मूल कारण रहन गएको छ। प्रत्येक शनिवार बिहान ७ बजेदेखि ८ बजेसम्म हुने सामूहिक साधनामा आज ९ जना मात्र भइयो। ४ जना महिला ५ जना पुरुष। बिहान ध्यानमा आउने समयमा पानी पर्नाको कारण आजको उपस्थिति सर्वाधिक न्यून रहन गयो। पानीलाई नै दोष दिनु पनि उचित हो जस्तो लागेन, कारण ८४ वर्षिय दिलबहादुर परियार त्यति टाढाबाट नियमित रूपमा लुरूलुरू आइरहेका छन्। पानीले नै छेकेको भए उनलाई पनि त छेक्नु पर्ने थियो।

साधना पछि बरण्डामा गोविन्द भाइ र सरोज दाइसँग साधना सम्बन्धी केही चर्चा भयो। चर्चाकै प्रसंगमा गोविन्द भाइले विपश्यना केन्द्रको लागि जग्गा किन्ने बारेको कुरामा एकजना दाताले आर्थिक सहयोग गर्न चाहेको बताउनु भयो। दाताले शीलामा नाम उल्लेख गर्ने व्यवस्था भए नभएको बारे जान्न चाहेको कुरा पनि बताउनु भयो। यस बारे आधिकारीक छलफल नभैसकेको हुँदा अहिले तत्कालै यसै भन्न नसकिने बताइयो। शीलामा नाम अङ्कित गर्दा अरूलाई पनि प्रोत्साहन हुने कुरा दाताले भनेको कुरा गोविन्द भाईले सुनाउनुभयो। यसको प्रतिक्रियामा अघिदेखि चुपलागेर बसिरहनु भएका सरोज दाइले टिप्पणी गर्दै भन्नुभयो– "शीलामा नाम लेखेर, दान दिएको वस्तुमा नाम लेखेर अरूलाई प्रोत्साहन हुन्छ होला, तर भन्ने नै भए त्यो त दान भएर व्यापार भयो नि।" उहाँले प्रसङ्गलाई अझै अगाडि बढाउँदै भन्नुभयो– "दान दिएर मैले यत्ति दान दिएँ, उत्ति दान दिएँ। यो दान गरें, त्यो दान गरें, भनेर नाम अङ्कित गर्नु भनेको पैसा तिरेर सामान किनेको जस्तै दानको नाममा प्रतिष्ठा किन्नु हो। समाजमा आफ्नो प्रतिष्ठा प्रदर्शन गर्नु हो।"

"वास्तविक कुरा त यो हो" मैले समर्थन जनाउँदै भनें– तर के गर्ने ? मान्छेहरूलाई नाम चाहिन्छ, मान चाहिन्छ, प्रतिष्ठा चाहिन्छ, आत्म सम्मान चाहिन्छ। यो सबै कुरा अरूबाट सम्भव हुँदैन, कारण मानिस अति आत्मवादी छन्। आफू र आफ्नो बाहेक अरूको केही चासो नै राख्दैनन्। त्यसो भएपछि मान्छेले आफ्नो आत्म सम्मान आफैले खोज्न बाध्य हुन्छन्। त्यसको सहज उपाय दान हो। सौजन्यता हो, अनुदान हो।"

क्षणिक मौनता पछि अफशोचका साथ मैले भनें- तर, अफशोच! मान्छेको स्वार्थी प्रवृत्ति, मान्छेको अहम र मान्छेको तृष्णाले दानको महत्तालाई यत्ति बिघ्न तल गिराईदिएको छ कि जुन अहम स्वार्थ र तृष्णा क्षयको लागि दान दिइने हो त्यही स्वार्थ, अहम र तृष्णा अभिबृद्धि गर्ने काम आज भोलि दान, अनुदान  सौजन्यतामा भैरहेको छ। यो प्रवृत्ति समाजमा क्यान्सरको रूपमा फैलिइरहेको छ।"

"दाइले ठीक भन्नुभयो।" गोविन्द भाइले सहमती जनाउँदै भन्नुभयो– "हामीले जुनसुकै धार्मिक संघ, संस्था, मठ, मन्दिरहरूमा हेर्ने हो भने चन्दा दाताहरूको नाम अङ्कित भएको शीलाहरू, जस्ता पातामा लेखिएका बोर्डहरू, भित्तै भरी देखिन्छन्। सार्वजनिक मठ, मन्दिर, विहार, गोम्बाहरूमा चढाइएका हरेक वस्तुहरूमा नाम अंकित गरिएका हुन्छन्।"

"यति मात्र हो र ?" सरोज दाइले अगाडि बढाउँदै भन्नुभयो– "सिलिङ्गमा जडान गरिएको पंखाका पाताहरू र ट्यूबलाईटमा धरी दाताको नाम लेखिएको हुन्छ। यस्तोलाई के दान भन्ने ? यो त सोन्हआना प्रचार बाजी हो। चुरोट कम्पनीहरू, रक्सी कम्पनीहरू र वियर कम्पनीहरूले देशको कला, संस्कृति र खेलकूद आदिको विकासको नाममा कार्यक्रम प्रायोजन गर्नु र दान दिएको हरेक वस्तुहरूमा भङ्गेरा अक्षरले दाताहरूको नाम उल्लेख गरिनुमा भिन्नता नै के रहन आयो र ? त्यो प्रत्यक्ष व्यापार भयो, यो अप्रत्यक्ष व्यापार भयो। त्यो व्यापार पैसाको भयो, यो व्यापार प्रतिष्ठाको भयो।"

"यस्तो कुरामा" मैले प्रसङ्ग बदल्दै भनें– "अरूले जहाँ, जे जस्तो गरे पनि कमसेकम हामी बौद्धमार्गीहरू जो आफूलाई बौद्ध हौं भन्नुमा गौरव समेत महसुस गर्ने


Downloaded from http://www.dhamma.digital

गर्छौं । हामीले दानको महत्त्व बारे साधारणभन्दा साधारणसम्म भए पनि जानकारी राख्नु आवश्यक भएको ठान्दछौं । त्यही भएर विपश्यना आचार्य सत्यनारायण गोयन्काज्यूले भन्नुभएको दान दिन पनि जान्नु पर्दछ । जानेर बुझेर दिएको दान फलदायी हुन्छ, पुण्य लाभ हुन्छ । नजानेर तृष्णाको वसिभूत भएर दिइएको दान फलदायी हुँदैन । त्यसैले दानको महत्त्वलाई बुझ्न मात्र भए पनि कमसेकम एउटा दश दिवशीय शिविरमा सहभागी भै सकेको हुनु पर्छ भनेर जोड दिनु भएको । तर सत्य कुरा, सत्य वचन यहाँ कस्लाई पच्छ र ?"

मैले क्रमलाई अगाडि बढाउँदै भनें– "दानको महत्वबारे र दानको फलबारे बौद्ध ग्रन्थहरूमा प्रशस्त चर्चा पाइन्छ । मैले हालसालै मात्र भिक्षु धर्मरक्षितद्वारा लिखित "बुद्ध धर्म के उपदेश" हिन्दी भाषाको किताब पढेको थिएँ । त्यसमा लेखिएको छ । दान कस्तोलाई दिंदा महाफल प्राप्त हुन्छ ? भनेर सोधिएको प्रश्नमा जो शीलवान छ, चरित्रवान छ त्यस्तालाई दिइएको दान महाफलदायी हुन्छ भनिएको छ ।

यसैगरी कसैले दिएको त्यही वस्तुदान र अर्कोले दिएको उस्तै वस्तुदानमा महाफलदायी र महाफलबाट वन्चित हुने हुन्छन् र ? भनेर सारिपुत्रले सोधेको प्रश्नमा भगवान् गौतम बुद्धले स्पष्ट शब्दमा जवाफ दिंदै भन्नु भएको छ– कसैले दिएको र अरू कसैले दिएको त्यस्तै वस्तुको दानफल भिन्दाभिन्दै हुन सक्छ । के कारणले यस्तो हुने हो ? भनेर सोधिएको प्रश्नमा भगवान् बुद्ध भन्नु हुन्छ– एउटै प्रकारको वस्तु वा सेवादान भए पनि वस्तु वा सेवादान गर्ने व्यक्तिले दिएको दानबाट आफूले केही (नाम, प्रतिष्ठा, मरणोपरान्त स्वर्गलोक आदि) पाउने इच्छा राखेको छ भने त्यस्तो दानबाट महाफल प्राप्ति सम्भव छैन । होइन केही इच्छा राखिएको छैन र "बहुजन हिताए बहुजन सुखाय" का लागि श्रद्धापूर्वक दिइएको छ भने त्यस्तो दान महाफलदायी हुन्छ ।

दानकै सम्बन्धमा भिक्षुहरूलाई सम्बोधन गर्दै भगवान् गौतम बुद्धले भन्नुभएको छ– "भिक्षुहरू हो ! दायक (दाता) तीन प्रकार हुन्छन् । ती हुन्– दान-दास, दान-सहाय र दान-पति ।"

जो व्यक्ति आफू मीठो खान्छ राम्रो लगाउँछ । अरूलाई दिनु पर्दा नमिठो, नराम्रो दिन्छ त्यस्तो व्यक्तिलाई दान-दास भनिन्छ । जो व्यक्ति आफू जस्तो खान्छ, लाउँछ अरूलाई पनि त्यस्तै दिन्छ त्यस्तालाई दान-सहाय भनिन्छ । तेस्रो व्यक्ति जसले आफ्नो भागमा नमिठो राखेर अरूलाई मीठो र राम्रो दिन्छ त्यस्तालाई दान-पति भनिन्छ ।

यसै गरी एक ठाउँमा दान दिनुपर्ने आठवटा कारणहरू बताउनु भएको पाइन्छ जस्तो:– १. आशक्ति बस दान दिनु । २. डरको कारण दान दिनु । ३. पैंचो तिर्ने रूपमा दान दिनु । ४. उसले पनि देला भन्ने आश गरेर दान दिनु । ५. दान दिनु राम्रो हो भन्ने सोचेर दान दिनु । ६. भएकोले नभएकोलाई नदिनु राम्रो नहुने सोचेर दान दिनु । ७. दिइएको दानले आफ्नो मंगल कीर्ति र यश फैलिन्छ भन्ने सोचेर दान दिनु । ८. चित्त शुद्धी र चित्त परिष्कारको लागि दान दिनु । यसरी दान दिनु पर्ने आठ कारणहरू बताउनु भएको छ ।

दानको महत्त्वलाई अझ अरू विस्तारित रूपमा बताउनु हुँदै भगवान् बुद्धले भन्नुभएको छ–

**सब्बदानं धम्मदानं जिनाति**
**सब्बरसं धम्मरसं जिनाति ।**

(सबै दानहरूमा धर्मदान उत्तम छ, सबै रसहरूमा धर्मरस उत्तम छ ।)

मैले उपरोक्त सूत्र भनेको मात्र के थिएँ सरोज दाइले खिन्न हुँदै भन्नुभयो– "धर्मरस उत्तम त हो तर के गर्नु धर्मको रसलाई अधर्मको रसले खत्तम पारिसक्यो । अधर्म नै धर्म भैसक्यो ।"

गोविन्द भाइ र म सँगै हाँसेर सहमति जनायौं । केटाकेटीहरू ध्यानमा बसिसकेको हुँदा हामी चूप लाग्न बाध्य भयौं । हामी चुप लाग्यौं । ■

**NOT TO DO EVIL**
**पाप कर्म कहिल्यै नगर्नु**
**TO CULTIVATE MERIT**
**पुण्य गर्दै जानु**
**TO PURIFY ONE'S MIND.**
**आफ्नो (मन) चित्तलाई शुद्ध गर्नु**
*– This is the teaching of the Buddha.*
*यहि नै बुद्धहरूको उपदेश हो ।*



Downloaded from http://www.dhamma.digital

# बुद्धकालीन प्रमुख विहारहरू-३

✍ देवेन्द्रराज शाक्य, बुटवल

**९. मल्लीकाराम विहार :**

काशी नरेश प्रसेनजीतकी रानी मल्लीका बुद्ध धर्मप्रति आस्थावान थिईन्। उनलाई बुद्ध एवं भिक्षु संघको लागि विहार निर्माण गरी दान गर्ने इच्छा भयो। उनले राजामा आफ्नो इच्छा व्यक्त गरिन् र विहार निर्माण गरी दान गर्न अनुमती मागिन्। राजा प्रसेनजीतलें आफ्नी पत्नी मल्लीकाको इच्छाको कदर गरी सो को स्वीकृती दिए।

रानी मल्लीकाले नगरको शान्त एवं हरियाली भएको स्थानमा भव्य विहारको निर्माण गराइन्। विहारको निर्माण कार्य सम्पन्न भएपछि बुद्धलाई भिक्षु संघसित भोजनको लागि निमन्त्रणा पठाइन्। निमन्त्रणा प्राप्त भएपछि बुद्ध एवं अन्य भिक्षुहरू निर्धारित समयमा आउनु भयो। उहाँहरूको भव्य स्वागत सत्कार गरियो। भोजन समाप्त भएपछि रानी मल्लीका बुद्ध समक्ष उभिइन् र विन्ति गरिन्– "भगवान्, मैले विहार दान गर्ने इच्छाले निर्माण गरेको यो विहार बुद्ध एवं भिक्षुलाई दान गर्छु, कृपया स्वीकार गर्नुहोला।" भगवान बुद्धले उक्त विहार दान स्वीकार गर्नुभई दानको विषयमा धर्मोपदेश दिनुभयो।

रानी मल्लीकाले निर्माण गराएकीले उक्त विहारको नाम "मल्लीकराम विहार" राखियो।

**१०. कुक्कुटाराम विहार; ११. पावारिकाराम विहार; १२. घोषिताराम विहार :**

कौशाम्बी नगरमा कुक्कुट महाजन र पावारिक महाजन नामका दुई दाजु-भाई थिए। साथै त्यसै नगरमा घोषित नाम गरेका एकअर्का महाजन परिरहन्थे। तीनै जना नगरका विशिष्ट महाजनमा गनिन्थ्यो। तिनीहरूमा आपसमा घनिष्ट मीत्रता पनि थियो। साथै ती तीनै जना महाजन भगवान बुद्धका उपासक पनि थिए। एकदिन कौशाम्बी आएका ऋषिहरूबाट भगवान बुद्ध श्रावस्ती नगरको जेतवन विहारमा बस्नु भएको छ भन्ने थाहा पाए। तिनीहरूमा भगवान बुद्धको दर्शन गर्ने र धर्मोपदेश सुन्ने इच्छा भयो। एकआपसमा सल्लाह गरी बुद्धको दर्शन गर्न श्रावस्ती जाने निर्णय गरी प्रस्थान गरे। श्रावस्तीमा भगवान बुद्ध बस्नुभएको जेतवन विहारमा पुगी बुद्धको दर्शन गरी, बुद्ध एवं भिक्षुहरूलाई आफूहरूले लगेको वस्तुहरू दान गरे।

तीनै जना महाजनहरूले भगवान बुद्धलाई कौशाम्बी आउन अनुरोध गरे। बुद्धले उनीहरूको निमन्त्रणा स्वीकार गर्नुभयो। तीनजना महाजनहरूले श्रावस्तीबाट आफ्नो घर कौशाम्बी फर्कने क्रममा बाटोमा १-१ योजनको दूरीमा विहारहरू निमार्ण गर्न लगाए। कौशाम्बी आइपुगी तिनीहरूले आ-आफ्नै उद्यानमा सुन्दर विहार निर्माण गर्न लगाए। विहारको निर्माण कार्य सम्पन्न भएपछि बुद्ध समक्ष निमन्त्रणा पठाए। बुद्ध एवं अन्य भिक्षुहरू कौशाम्बी आइपुग्नु हुँदा ती महाजनहरूका परिवारका अतिरिक्त नगरवासीले भव्य स्वागत गरे। तिनीहरूले पालैपालो बुद्ध एवं भिक्षुहरूलाई भोजन गराई, बुद्ध एवं भिक्षु संघलाई विहार दान गरे।

कुक्कुट महाजनले बनाएको विहारको नाम "कुक्कुटाराम विहार", पावारिक महाजनले बनाएको विहारको नाम "पावारिकाराम विहार" र घोषित महाजनले बनाएको विहारको नाम "घोषिताराम विहार" राखियो।

**१३. उदेन उपासकको विहार :**

कोशल नगरका उदेन उपासक नामका एक श्रद्धावान उपासक थिए। बुद्ध एवं भिक्षुहरूप्रति अति आस्था रहेको कारण भिक्षु संघलाई विहार दान गर्ने उद्देश्यले विहार निर्माण गराए। त्यसबेला भगवान बुद्ध राजगृहको जेतवन विहारमा वर्षावास बस्नु भएको थियो। विहार निर्माण कार्य समाप्त भएपछि उनले जेतवन विहारमा बुद्ध समक्ष विहार दान स्वीकार गर्न कोशल प्रदेश आउन निमन्त्रणा पठाए।

"भगवान बुद्ध-वर्षावास बस्नु भएकोले उहाँ वर्षावास समाप्त भएपछि मात्र कोशल प्रदेश आउन सक्ने भएकोले त्यतीखेरसम्म पर्खनु, केही गरी तुरून्तै दान गर्नु छ भने त्यहीं वर्षावास बस्नु भएका केही भिक्षुलाई संघको नाममा दान गराउनु" भनी सन्देश पठाउनु भयो।

उदेन उपासक मैले निमन्त्रणा पठाउँदा पनि कोहि भिक्षु आएन भनी दु:खी भए। उदेन उपासकको निमन्त्रणामा कोहि भिक्षु नगएकोमा धेरै दु:खी छन् भन्ने कुरा भिक्षुहरूले



Downloaded from http://www.dhamma.digital

बुद्धलाई सुनाए । भगवान बुद्धले आफ्ना उपासकहरूको मन दुखाउन हुँदैन भन्ने महशुस गर्नुभई भिक्षुहरू वर्षावास बसेको भएपनि निम्न सात व्यक्तिहरू (१) भिक्षु (२) भिक्षुणी (३) शिक्षमाण (४) श्रामणेर (५) श्रामणेरी (६) उपासक एवं (७) उपासीकाले निमन्त्रणा गरेमा सात दिन भन्दा बढी समय नबिताउने गरी, सात दिनसम्मको लागि निमन्त्रणा गर्ने ठाउँमा जान पाउने नियम बनाउनु भयो ।

भगवान बुद्धले उदेन उपासकको श्रद्धाको कदर गर्दै भिक्षु पठाउनु भई उनको इच्छा पूरा गरीदिनु भयो ।

**१४. कालखेमकाराम विहार :**

कालखेमक कपिलवस्तु नगरको शाक्य कूलको कुमार हो । यीनको वास्तविक नाम खेमक हो । यिनी कालो वर्णको भएकोले यिनलाई कालखेमक भनियो र उनी यसै नामले प्रसिद्ध भए ।

कालखेमक शाक्यले भगवान बुद्ध कपिलवस्तु आउनु हुँदा उहाँलाई बस्नको लागि कुनै असुविधा नहोस् भन्ने इच्छा राखी एउटा ठूलो विहार निर्माण गर्न लगाएका थिए । भगवान बुद्ध कपिलवस्तुमा हुँदा यस कालखेमकाराम विहारमा दिउँसोको समयमा घुम्न आउनु हुन्थ्यो भन्ने कुरा स्वयं भगवान बुद्धले यस विहारमा धेरै शयनासनहरू बिछ्याइएको देख्नुभई "भिक्षु समूहगत रूपमा वा धेरै संख्यामा एकै ठाउँमा बस्नु हुँदैन" भनी उपदेश गर्नुभएको विवरणबाट ज्ञात हुन आउँछ ।

कालखेमक शाक्यले बनाएको हुनाले विहारको नाम उनकै नामबाट "कालखेमकाराम विहार" राखिएको हो ।

**१५. कूटागार (शाला) विहार :**

वज्जी राज्यको राजधानी वैशालीका लिच्छवीहरू पनि भगवान बुद्धप्रति श्रद्धा राख्दथे । भगवान बुद्ध वैशाली आउनु हुँदा वहाँलाई कुनै किसिमको दु:ख, कष्ट नहोस् भन्ने अभिप्रायले एउटा ठूलो विहार निर्माण गरी बुद्ध एवं संघलाई दान गर्ने निर्णय गरे । सो अनुसार मानिसहरूको भिडभाड नभएको, रमणिय एवं शान्त स्थानमा विहार निर्माण कार्य शुरू गरे । विहार बनाउने कार्य सम्पन्न भएपछि भगवान बुद्ध एवं भिक्षुसंघलाई निमन्त्रणा गरियो ।

निमन्त्रणा प्राप्त गरी भगवान बुद्ध अन्य भिक्षुहरूका साथ वैशाली आउनु भयो । वहाँहरूको भव्य स्वागत सत्कार गरियो, उचित स्थानमा बसाले । भोजनको कार्य समाप्त भएपछि बुद्ध एवं भिक्षु संघको लागि भनी निर्माण गरिएको विहार दान स्वीकार गर्न बुद्ध समक्ष प्रार्थना गरे । भगवान बुद्धले सो विहार दान स्वीकार गर्नुभई भिक्षुहरूप्रति श्रद्धाराखी विहार निर्माण गराई दान दिएकोमा पुण्य लाभ होस् भनी आशिका दिनुहुँदै धर्मोपदेश दिनुभयो ।

वैशाली नगरको महावनमा निर्माण गरिएको यस विहारको नाम "कुटागार (शाला) विहार" राखियो ।

**१६. रोहिणीको विहार :**

कपिलवस्तु राज्यमा रोहिणी नाम गरेकी एउटी कन्या थिईन् । तिनी कुष्ठरोगले ग्रसित थिइन् । तिनी भगवान बुद्धको उपासिका भएको कारण विहार निर्माण गरी बुद्ध एवं संघलाई दान गर्ने इच्छा भयो । आफ्ना दाजु समक्ष उनले मनको कुरा राखिन् । दाजुले पनि बहिनीको इच्छा पूरा होस् भन्ने मनसायले विहार निर्माण गर्ने सहमति दिए ।

नगरको रमणिय स्थानमा विहार निर्माण कार्य प्रारम्भ भयो । विहारको निर्माण कार्य सम्पन्न भएपछि बुद्धलाई निमन्त्रणा गरियो । त्यसबेला भगवान बुद्ध अन्य भिक्षुहरूका साथ कपिलवस्तुमै बस्नु भएको थियो । रोहिणीको निमन्त्रणा प्राप्त गरी बुद्ध एवं भिक्षुहरू आउनु भयो । यथोचित स्वागत, सत्कार गरी सबैलाई भोजन गराए । भोजन पश्चात् विहार दान स्वीकार गर्न बुद्धलाई अनुरोध गर्दा यस विहारको दाता को हो भनी रोहिणीको दाजुलाई प्रश्न गर्नुभयो ।

रोहिणीको दाजुले– "भगवान्, यस विहारको दाता मेरी बहिनी रोहिणी हुन्, कुष्ठरोगी भएको कारणले मुख देखाउन लाज मानी हजुरको समक्ष नआएकी" भन्ने जवाफ दिए ।

भगवान् बुद्धले– "स्वयं दाताले नै विहार दान गरेमा उत्तम हुने कुरा बताउनु भई रोहिणीलाई बोलाउन पठाउनु भयो । रोहिणीले बुद्ध एवं भिक्षुसंघलाई आफूले निर्माण गर्न लगाएको विहार श्रद्धापूर्वक दान गर्छ भनी दान स्वीकार गर्न बुद्धलाई बिन्ति गरीन् । भगवान बुद्धले विहार दान स्वीकार गर्नुभयो र उक्त विहार दैनिक रूपमा धोई, पखाली सरसफाइ गर्ने जिम्मा पनि रोहिणीलाई नै दिनुभयो ।


Downloaded from http://www.dhamma.digital

भगवान बुद्धको आज्ञा बमोजिम रोहिणीले विहार दैनिक रूपमा पानीले धोई सफाई गर्न थाले । केही महिना पश्चात् रोहिणीको कुष्ठरोग निको भयो ।

**१७. घटाय शाक्यको विहार :**

भगवान् बुद्ध कपिलवस्तु हुँदा त्यहाँका कुमार एवं अन्य उपासक-उपासिकाहरूले श्रद्धापूर्वक विहार निर्माण गरी बुद्ध एवं भिक्षुसंघलाई दान गरेका थिए । यस्तै विहार दान गर्नेहरूमा घटाय शाक्य पनि एक हुन् । घटाय शाक्य शाक्य कूलका कुमार थिए । उनलाई बुद्ध एवं भिक्षु संघको लागि विहार निर्माण गरी दान गर्ने इच्छा उत्पन्न भयो । सो अनुसार उनले एउटा विहार निर्माण गराए । विहारको निर्माण कार्य सम्पन्न भएपछि उनी बुद्ध समक्ष गई आफूले बुद्ध एवं भिक्षुसंघको लागि विहार निर्माण गरेकोले सो विहार दान स्वीकार गर्न एवं भोलिको भोजनको निम्ति पनि निमन्त्रण गर्न आएको कुरा बताए । भगवान बुद्धले स्वीकृत दिनुभयो ।

भोलिपल्ट भगवान बुद्ध अन्य भिक्षुहरू सहित नव निर्मित विहारमा आउनु भयो । वहाँहरूलाई घटाय शाक्यका परिवार लगायत छरछिमेकी, इष्टमित्रहरूले यथोचित स्वागत गरी भोजन गराए । भोजन पश्चात् विहार दान स्वीकार गर्नको लागि बुद्ध समक्ष बिन्ति गरे । भगवान बुद्धले उक्त विहार भिक्षु संघको लागि स्वीकार गर्नुभयो ।

भगवान बुद्धले बुद्धत्व प्राप्त गरी मानव कल्याणको लागि दु:खबाट छुटकारा दिनको लागि ४५ वर्षसम्म ठाउँ-ठाउँमा गई धर्मोपदेश दिनुभयो । उहाँको उपदेशबाट प्रभावित भई कयौं राजा, सेठ, गृहस्थीहरू श्रद्धापूर्वक बुद्ध, धर्म र संघ प्रति आस्थावान् भई, विहार निर्माण गराई दान प्रदान गरी पूण्य लाभ प्राप्त गरेको कुरा बौद्ध साहित्यको अध्ययन गर्दा थाहा पाउन सक्छौं । अस्तु !

**भवतु सब्ब मंगलम्**

## तृप्त नभएको आशा

***अनुवादक- सुगत सेवक***

अतृप्त लोकमा धन जन मायाले ।  
केवल दुई दिने आशा ममताले ॥धु॥

कति आए राजा धनी गरीवहरू ।  
इच्छा अपूर्ण भै रूँदै गए सबै ॥१॥

मोह बस भयो सबै यहाँ भ्रान्ति ।  
मेरो मेरो भन्दा भन्दै दु:ख पाएका ति ॥२॥

कति आए कति गए मेरो यहाँ भन्ने ।  
खालि हात आएर खालि हातै गए ॥३॥

बुझ मानव तिमी, के छ यहाँ सार ।  
लानु छैन, बस्नु छैन, आउँछ एकदिन काल ॥४॥

जगको यस्तो यहाँ, भइरहेको चाल ।  
ज्ञान चक्षुले हेर नर के गर्नु पऱ्यो ॥५॥

हतारमै भनियो नभूल्नु पऱ्यो ।  
शुद्ध बुद्ध धर्म गरी, शान्ति लिनु पऱ्यो ॥६॥

*नोट- नेपाल भाषामा यो गीत ज्ञानमालाको १२७ पृष्ठमा छ ।*

**(लेखक: भिक्षु सुबोधानन्द)**

## हे ! विश्वका कर्मवीरहरू !

✍ **पञ्चशीला शाक्य,** एकता मार्ग, बुटवल

**हे ! विश्वका कर्मवीरहरू !**  
**आफ्ना भित्री नेत्र उघारेर हेर**  
**कसले के सिकाएको छ यहाँ**  
**को छ विश्वमा अगुवा यहाँ,**  
**हे ! विश्वका कर्मवीरहरू !!**

**हे ! धर्मकीर्ति देउ टेवा तिमी**  
**विश्वमा धर्मदूत भएर**  
**अहिंसाका अमूल्य पाठ पढाएर**  
**बौद्ध धर्मको चमत्कार देखाएर**  
**हे ! विश्वका कर्मवीरहरू !!**

**आज विश्वमा अशान्ति छ किन ?**  
**मानवले दानवको रूप लिन्छ किन ?**  
**विभिन्न धर्मावलम्बीहरूमा तनाव छ किन ?**  
**क्रोध, लोभ मोहले भरिएको छ किन ?**  
**हे ! विश्वका कर्मवीरहरू !!**

**जबसम्म विश्वमा बौद्ध धर्मको हुँदैन प्रचार**  
**तबसम्म हुँदैन शान्तिको आधार**  
**बुद्धको उपदेशमा छ यहि नै कुरा**  
**हिंसा र पाप गर्नु अति नै खतरा**  
**हे ! विश्वका कर्मवीरहरू !!!**



Downloaded from http://www.dhamma.digital

# पोट्ठपाद-सुत्त

✍ कोण्डन्य, संघाराम

## जालिय-सुत्त (क/७)

त्रिपिटक अन्तर्गत दीघनिकायको लक्षण वर्गको सातौं सूत्र हो– 'जालिय सुत्त'। सूत्रानुसार– भगवान् बुद्ध कौशाम्बीको घोषितारामा विराजमानावस्था, परिब्राजक दारूपात्रिकका दुई चेलाहरू जालिय र पण्डितहरूले यसरी प्रश्न तेर्साउँछन्– "आवुसो गौतम ! त्यही जीव हो, शरीर पनि त्यही हो अथवा जीव अर्कै हो, शरीर अर्कै हो ?" (आफूभन्दा सानाहरूलाई सम्बोधन स्वरूप प्रयोग गरिने शब्द 'आउसो' हो भने आफूभन्दा ठूला वा समानका लागि 'आयुष्मान' भनी सम्बोधन गरिने विनय-नियम छ।) जीव र शरीरको भेद-अभेदका बारे तर्क वितर्क गर्नु नै व्यर्थ हो, विना काम न काजको कुरा हो भनी बुद्धले उनीहरूलाई सम्झाइ-बुझाई शील, समाधि र प्रज्ञाको बारेमा विश्लेषण गरी यी त्रिविध शिक्षालाई अटूट रूपले दैनिक स्वव्यवहारमा अभ्यास गर्दै जीवनको मूलतत्वलाई साक्षात्कार गर्ने तर्फ बढी ध्यान केन्द्रित गर्दै लानुपर्ने कुरामा जोड दिन्छ । अज्ञान-अन्धकारमा भौंतारिएर रूमल्लिरहेका व्यक्तिहरूका माझ उपरोक्त किसिमका प्रश्न उठ्ने गर्छ, परन्तु क्षीणाश्रवी (राग, द्वेष र मोह अर्थात् कायिक, वाचिक एवं मानसिक दुराचरणबाट मुक्तावस्था) वा अरहतहरूका लागि त्यस्ता प्रश्नको कुनै मतलब रहन्न। किनभने उनीहरूमा अज्ञात- अन्धकारबाट अलगिएर टाढा भई मिथ्यादृष्टिलाई फ्याँकी अन्तरदृष्टि प्राप्तगरी यथार्थ एवं वास्तविकतालाई राम्ररी (साक्षीभाव) हृदयंगम (हेर्ने) गर्ने सामर्थ्यता प्राप्त भैसकेको हुन्छ ।

## महासीहनाद-सुत्त (क/८)

उजुञ्ञा गाउँ स्थित कण्णकत्यल नामक मृगदावनमा बुद्ध विराजमानावस्थाकै समयमा काश्यप नाम गरेका एकजना अचेलक (निर्वस्त्री साधु) ले यसरी आफ्नो मनोभाव पोख्छ– 'तपाईले सबै प्रकारका तपस्याहरूलाई निन्दा-उपहास गर्नुहुन्छ भन्ने कुरा सुनेर त्यसबारे आफ्नो शंका निवारणार्थ आएँ।' 'सबै प्रकारका तपस्याहरू निन्दनीय हुँदैन, राम्रो पक्ष तथा नराम्रो पक्ष पनि हुन सक्छन्, राम्रो पक्षलाई राम्रो ठानेर (स्वीकारेर) सहमति जनाउनुपर्छ भने नराम्रो पक्षलाई निन्दनीय स्तरमा राखी असहमति दर्शाउनुपर्छ; जीवनोपयोगी भएर विचार-विमर्श गरी धारण गर्नुपर्छ' भन्ने कुराहरू उठाउँदै बुद्धले नै प्रतिप्रश्न राख्छ– 'काश्यप ! मैले सबै प्रकारका तपस्याहरूलाई कसरी निन्दोपहास गरूँ ?'

अचेल काश्यपले 'नाना तरहहरूबाट शारीरिक पीडा दिएर तपस्या गर्नु श्रमणत्व र ब्राह्मणत्वको लक्षण हो, तपस्यामा सफलता प्राप्त गर्न आवश्यक यो समुचित आदर पनि हो' भनी भन्ने कुराको प्रत्युत्तर दिने क्रममा बुद्धले आफ्नो विचार पोख्दै जान्छ– 'शरीरलाई दुःख-कष्ट दिई गरिने साधना मात्र देखावटीपन (ढोंग) हो (बाह्य), वास्तवमा यस्तो गर्नु कठीन पनि छैन, अनि यसको कुनै आध्यात्मिक महत्त्व पनि छैन, जो निर्वस्त्र रहन्छ, उसले आचार-विचारलाई पनि त्याग गर्छ । उस्ले शील-सम्पत्ति, चित्त-सम्पत्ति तथा प्रज्ञा-सम्पत्तिको भावना गर्न नसकिने झैं उस्ले त्यस्ता सम्पत्तिसित साक्षात्कार पनि गर्न सक्दैन । यो अवस्था श्रमणत्व र ब्राह्मणत्वको अवस्था देखि धेरै टाढाको कुरा भयो । श्रमणत्व र ब्राह्मणत्वको वास्तविक अर्थ-चित्त-विशुद्ध गरी वैर (रिस) तथा द्रोह हटाई मैत्री भावनालाई निरन्तरता दिनु हो । यसो गर्दा चित्त-मल (मनोविकार) हराएर, दूर भएर चित्त निर्मल हुँदै जान्छ ।' यसरी अनावश्यक रूपमा शरीरलाई दुःखकष्ट-पीडा दिएर गरिने अनर्थपूर्ण (कायक्लेशमयी) तपस्या त्याग्नुपर्ने, बरु मध्यम-मार्गरूपी आर्य अष्टांगिक मार्गको अभ्यास गरिदै जानसके जीवन सुखमयी हुन्छ भनी बुद्धले काश्यपलाई स्पष्टहुनेगरी बुझाईदिन्छ र उस्ले शिष्यत्व ग्रहण गर्छ । वास्तवमा यस सूत्तले बुद्धकालीन साधनाहरूका बारेमा जान्नको लागि उपयोगी देखिन्छ ।

## पोट्ठपाद-सुत्त (क/९)

भगवान् बुद्ध श्रावस्तीस्थित अनाथपिण्डिकाराममा विहार गरिरहनु हुँदा सँगैको परिब्राजक मल्लिकाराममा धेरै परिब्राजकहरू राजकथा, चोरकथा ... तिरश्चीन कथा आदिका बारेमा कुराकानि भइराख्दा बुद्ध त्यहाँ पुग्छ । कुराकानी शुरू हुन्छ, पोट्ठपाद भन्नेले प्रश्न गर्छ– 'अभिसंज्ञा कसरी निरोध हुन्छ ? कुनै हेतु (कारण) नभई पुरुषको संज्ञा (चित्त) पनि उत्पन्न हुन्छ, निरूद्ध पनि हुन्छ, संज्ञा नै पुरुषको आत्मा हो, जे जति हुन्छन् सबै ऋद्धिवानहरूको चमत्कारले हुन्छन् ... आदि भिन्न भिन्न मानिसहरूका भिन्न भिन्न विचार रहेको बारे तपाईंको के धारणा छ ?' बुद्धले 'यी सबै अन्धविश्वासबाट प्रेरित कुराहरू हुन् ।' भन्दै अनुपम साधनाको व्याख्यान गर्छ, जस्ले साधक (व्यक्ति) 'निरोध समापत्ति' भन्ने यौगिक अवस्था सम्म पुग्ने हुन्छ । यसबेला अभिसंज्ञा पूर्ण निरोध हुने र साथै योगी (साधक) लाई यस्तो महशूस गराइदिन्छ– 'मैले चिन्तन गर्नु धेरै नराम्रो हो, मैले चिन्तन नगर्नु राम्रो हो ।' यस्तो हुँदा साधकले चिन्तन पनि गर्दैन, अभिसंस्करण पनि गर्दैन, अनि संज्ञा नष्ट



Downloaded from http://www.dhamma.digital

हुँदै जान्छ, अर्को नयाँ संज्ञा उत्पन्न पनि हुँदैन, बिस्तारै निरोध समापत्ति प्राप्त हुने हुन्छ।

प्रसंग बदल्छ, पोट्ठपादले लोक, आत्मा, शरीर आदिको विषय वा अब्याकृत प्रश्नहरू बुद्ध समक्ष राख्दै जान्छ। दशवटा अब्याकृत प्रश्न (अनिवर्चनीय) यस प्रकारका छन्– (१) लोक नित्य (शाश्वत) हो कि ? (२) लोक अनित्य हो ? (३) लोक अन्तवान हो कि ? (४) लोक अनन्तवान हो ? (५) जीव र शरीर एकै हो कि ? (६) जीव र शरीर अलग अलग हो ? (७) मृत्यु पश्चात तथागत रहीरहने हो कि ? (८) मृत्युपश्चात तथागत नरहने हो ? (९) मृत्यु पछि तथागत हुने हो वा नहुने हो ? (१०) मृत्युपछि तथागत हुँदैन र नहुने पनि होइन ?

उपरोक्त प्रश्नहरूलाई बुद्धले सीधै नै अब्याकृत, अनिवर्चनीय, अकथनीय हुन् भनेर घोषणा गर्छ, पोट्ठपादले यस्को कारण सोद्धाखेरी बुद्धले जवाफ दिने क्रममा 'अब्याकृत प्रश्न' किन भनियो भन्नेबारे यसरी स्पष्ट गर्दै जान्छ– 'पोट्ठपाद ! यो (कुरा) न अर्थउपयोगी छ, न धर्मोपयोगी छ, न आदिब्रह्मचर्यका लागि, न शान्तिका निम्ति, न अभिज्ञाका लागि, न सम्बोधिका निम्ति, न त निर्वाणकै लागि नै उपयोगी छ। त्यसैले नै यसलाई मैले अब्याकृत भनेको हुँ।'

बुद्धको विचार सुन्दै बसेका पोट्ठपादले 'त्यसोभए ब्याकृत, कथनीय, निवर्चनीय विषय भनेको के हो त ? भनी जिज्ञासा ब्यक्त गर्छ। अनि बुद्धले– (१) 'यो दुःख हो' (२) 'यो दुःख समुदय (कारण) हो' (३) 'यो दुःख निरोध हो' (४) 'यो दुःख निरोध हुने प्रतिपाद (बाटो) हो' – यी चतुआर्य सत्यलाई नै ब्याकृत भनेर बुझाउँछु। एकातिर सुनीरहेका पोट्ठपादले बुद्धोपदेशलाई अनुमोदन गर्छ भने अर्कोतिर अरू परिब्राजकहरूले उस्लाई तिमी बुद्धले भनेको कुरालाई हो हो भन्दै मुन्टो हल्लाउँदै अनुमोदन गर्ने भन्दै चारैतिरबाट वचनरूपी वाणले हिर्काउन शुरू गर्छ।

केही दिनपछि पोट्ठपाद र हत्थिसारिपुत्र बुद्ध समक्ष पुगी भएभरका घटेका सम्पूर्ण वृतान्त सुनाउँछन्। अनि बुद्धले– 'मरिसकेपछि आत्मा अरोगी, उकारन्त सुखी हुन्छ भन्ने मतवालीहरू हुन्छन्। यस्तो मतलाई न कसैले अनुभव गरेकै छ, नत प्रमाण छ भनी भन्न सक्नेहरू नै छन्। यस्तो मत भनेको त कहिल्यै पनि नदेखेको जनपदकल्याणी (देशका परम सुन्दरी, आधुनिक भाषामा-ब्यूटी क्वीन) लाई मनपराई रहेको केटा (क्रेजी) जस्तो वा कति अग्लाई छ भन्ने थाहा नभएको सिकर्मीले बनाएको भऱ्याङ जस्तो भन्नेसँग तुलना गर्न सुहाउने कुरा हो।' भनी उपमा प्रकाश पार्दै लान्छ।

यसपछि बुद्धले शरीर तीन प्रकारमा विभाजित भएको कुरा बताउँदै लान्छ – (१) स्थूल शरीर (२) मनोमय शरीर (३) अरूपी शरीर (अभौतिक) यी तीन प्रकारका शरीर परिग्रहबाट छुटकारा पाउनु नै जीवनको परम उद्देश्य रहेछ। स्थूल शरीर चार महाभूत (पृथ्वी, जल, तेज र वायु) ले निर्मित हुने, मनोमय शरीर इन्द्रियले पूर्ण, अङ्ग-प्रत्यङ्गले भरिपूर्ण हुन्छ भने अरूपी शरीर देवलोकमा (अरूपी) संज्ञामय हुने परिग्रह रहेछ। उपरोक्त कुरा सुनीरहेका हत्थिसार पुत्रले शरीर परिग्रह एक शरीरबाट अर्को शरीरमा प्रवेशगर्दाको तादात्म्यताको बारे जिज्ञासा प्रकट गर्छ। यस्लाई स्पष्ट गर्न बुद्धले उपमाद्वारा कुरा बुझाईदिन यसरी प्रयास गर्छ– 'गाईले दूध दिन्छ, त्यस दूधबाट दही बन्छ, दहीबाट नौनी, नौनीबाट घ्यू, घ्यूबाट सर्पिष-मण्ड (नौनी-घ्यू) बन्ने गर्छ। जतिबेला त्यो दूध हुन्छ त्यसबेला न दही हुन्छ, न नौनी, न घ्यू, न त सर्पिष-मण्ड नै देखिने हुन्छ। दूध नै त्यतिबेला उस्को संज्ञा (नाम) हुन्छ, त्यसैबाट मात्र चिनिने हुन्छ। दूधको अवस्थामै त्यस्लाई दही भनिदैन।' यसरी हेर्दा सार्वभौमिक अनित्यता वा परिवर्तनशील सिद्धान्तको स्वरूप पनि यसरी नै अगाडि बढ्दै जाने (परिवर्तनभई) हुन्छ भनी बुझ्न सजिलो हुन्छ। यहाँ बुद्धोपदेश अनुसार वर्तमान शरीरलाई नै सत्य हो भनी महशूस गर्नुपर्छ।

यस सूत्र बुद्ध-दर्शन अध्ययनार्थीहरूका लागि रमाइलो एवं आवश्यक पक्ष देखिन्छ।

**सुभ-सुत्त (क/१०)**

८० वर्षको उमेरमा कुशिनगरमा बुद्धको महापरिनिर्वाण हुन्छ, केही वर्ष पश्चात श्रावस्तीस्थित जेतवनाराममा तोदेय्यपुत्र शुभ मानवले आनन्द भिक्षुसँग सोध्छ– 'भगवान् बुद्ध कुन धर्मका वर्णवादी हुनुभयो ? कुन धर्मलाई ग्रहण गराउने गर्नुभयो ? कुन धर्ममा जनताहरूलाई प्रतिष्ठित गराउनु भयो ?'

भगवान बुद्धले लोकजन हित-सुखका लागि प्रतिपादन गर्नुभएका तीनवटा स्कन्ध– (१) आर्यशील स्कन्ध (सम्यक् कर्म, आजीव र वचन) (२) आर्य समाधि स्कन्ध (सम्यक् ब्यायाम, स्मृति र समाधि) (३) आर्य प्रज्ञा स्कन्ध (सम्यक् दृष्टि र संकल्प) का बारेमा आनन्द भन्तेले उपदेश दिन्छ। उपदेश सुन्ने मानवले अनित्यभाव (वैराग्यता) लाई माथि उकास्दै (विकास) लाँदै चित्तलाई एकाग्रता गर्ने अभ्यास गर्न सिक्छ। यसपछि विस्तारै पंचनीवरण बिलाउँदै (हट्दै) जान्छ, अर्थात् (१) कामच्छन्द (२) ब्यापाद (३) थीनमिद्ध (४) उद्धच्च-कुक्कुच्च र (५) विचिकिच्छाको भावलाई नष्ट पार्न सक्यो र पछि उस्ले ध्यान-भावनाका पाँच अंग- (१) वितर्क (२) विचार (३) प्रीति (४) सुख तथा (५) एकाग्रता प्राप्त गर्दछ। ■


Downloaded from http://www.dhamma.digital

# संयुक्त निकाय-५

- भिक्षु ज. काश्यप
- भिक्षु धर्मरक्षित
- अनु. वीर्यवती

तेश्रो भाग

**शक्ति (भाला) वर्ग [१. सत्ति सुत्त (१.३.१)]**

**सत्काय दृष्टिको नाश**

श्रावस्तीमा ।

त्यस देवताले भगवान् बुद्ध समक्ष आई यस गाथालाई प्रस्तुत गऱ्यो –

जसरी कसैले भाला लिएर चढ्दै आउँछ,
जसरी टाउकोमा आगलागी हुन्छ, त्यसरी नै
काम रागलाई नाश गर्नका लागि
भिक्षुले स्मृतिवान् भएर विचरण गर्नुपर्छ ॥

भगवान् बुद्ध –

जसरी कसैले भाला लिएर चढ्दै आउँछ,
जसरी टाउकोमा आगलागी हुन्छ, त्यसरी नै
सत्काय दृष्टिलाई नाश गर्नका लागि
भिक्षुले स्मृतिवान् बनी विचरण गर्नुपर्छ ॥

**[२. फुसती सुत्त (१.३.२) निर्दोषीलाई दोष लाग्दैन ।]**

नछुने व्यक्तिलाई छुँदैन, (पाप कर्म नगर्नेलाई फल भोग्नु पर्दैन)

छुने व्यक्तिलाई मात्र छुन्छ, (पाप कर्म गर्नेले फल भोग्नु पर्छ)

(त्यसैले) जसले निर्दोषी व्यक्तिलाई दोष लगाउँछ,
(त्यस्तो व्यक्तिलाई अर्थात् त्यस्तो) छुने व्यक्तिलाई मात्र छुन्छ● ॥

भगवान्, बुद्ध

जुन व्यक्तिले निर्दोषी व्यक्तिलाई दोष लगाउँछ,
(अर्थात्) जसले (मूर्खले) शुद्ध र पाप रहित पुरुषलाई दोष लगाउँछ ।
(उसले गरेका) सबै पापहरू त्यही मूर्ख माथि पल्टिन्छ ।
(जसरी आफूतर्फ आइरहेको हावा तर्फ हेरी)
फ्याँकिएको धूलोले आफैलाई फोहर पारिदिन्छ ॥

**[३. जटा सुत्त (१.३.३) जटालाई (समस्या) कसले सुल्झाउन सक्छ ?]**

भित्र पनि जटा■ समस्या, छ बाहिर पनि जटा (समस्या) नै छ✿

सबै जीव जटामा झंझटमा नै बेस्करी अल्झिरहेका हुन्छन्,
त्यसैले हे गौतम ! मैले तपाईंसँग सोध्छु,
यस जटालाई (समस्या) लाई कसले सुल्झाउन सक्छ ?

भगवान् बुद्ध –

शील पालन गरी प्रतिष्ठित भएको प्रज्ञावान् मानिस,
चित्त र प्रज्ञाको भावना गर्ने◆ (अभ्यास गर्ने)
तपश्वी र विवेकशील भिक्षुले नै (क्लेश नाश गर्नुमा प्रयत्नरत र स्थानोचित ज्ञान भएको व्यक्ति)
यस जटालाई सुल्झाउन सक्नेछ ॥
जसको राग, द्वेष र अविद्या,
बिल्कुल हटिसकेको हुन्छ,
जो क्षीणाश्रव अर्हत भइसकेको छ,
उसको जटा सुल्झिसकेको हुनेछ ॥
जहाँ नाम र रूप, प्रतिघ र रूप (संज्ञा)▲ पनि,
बिल्कुल निरूद्ध (रोकिएको) हुनेछ,
यस अवस्थामा यो जटा काटिनेछ ॥

---

● जुन अर्हत् व्यक्तिको कुनै पनि कर्म प्रति आशक्ति हुँदैन, उसले आफूले गरेको कर्म विपाक (फल) भोग्न पर्दैन । मनमा आशक्ति राखी कर्म रोप्ने सांसारिक व्यक्तिले उसको कर्मफल भोग्न पर्नेछ ।
"कर्मलाई स्पर्श नगर्ने व्यक्तिले विपाकको पनि स्पर्श गर्न पर्दैन, जसले कर्मलाई स्पर्श गर्छ, उसले विपाकको पनि स्पर्श गर्छ ।" – अट्ठकथा ।

■ बुद्धघोषको बिख्यात ग्रन्थ "विशुद्धि मग्गो" मा यस विषयलाई प्रश्नोत्तरको रूपमा राम्ररी बुझाइएको छ ।

✿ जाल फैलाउने तृष्णालाई नै जटा भनिन्छ । यो रूपादि आलम्बनमा तल माथि बार बार उत्पन्न भई अल्झिरहने हुँदा बाँस आदि झाड र जटा जस्तै बन्छ । त्यसैले यसलाई जटा भनिएको हो । यही स्वकीय-परिष्कार, पर-परिष्कार, स्वात्मभाव, परमात्म-भाव, अध्यात्मायतन, बाह्यायतन इत्यादिमा उत्पन्न हुने भएकोले यसलाई भित्रको जटा र बाहिरको जटा भनिएको हो ।"

◆ समाधि र विदर्शनाको भावना गर्ने ।

▲ प्रतिघ - संज्ञाबाट काम भव लिइएको छ । रूप संज्ञाबाट रूप-भव । यी दुबैलाई लिने हो भने अरूप भवलाई पनि लिन आवश्यक छ । - अट्ठकथा



Downloaded from http://www.dhamma.digital

[४. मनोनिवारण सुत्त (१.३.४) मनलाई रोक्ने]

जहाँ जहाँबाट मन हटाइन्छ,
त्यहाँबाट उसलाई दुःख आउने छैन
जसले सबै क्षत्रबाट मनलाई हटाउँछ❖
उ सबै क्षेत्रमा दुःखबाट अलग्ग हुनेछ ॥

भगवान् बुद्ध –

सबै क्षेत्रबाट मनलाई हटाउन आवश्यक छैन,
आफ्नो वसमा आइसकेको मनलाई,
जहाँ जहाँ पाप कार्यहरू भइन्छ,
त्यहाँ त्यहाँबाट मात्र आफ्नो मनलाई हटाए पुग्छ❀ ॥

[५. अरहन्त सुत्त (१.३.५) अर्हत्त्व]

जो भिक्षु कृतकृत्य भैसक्यो, अर्हत् भइसक्यो, र क्षीणाश्रव भई आफ्नो शरीर धारण गरिराखेको छ, त्यस्तो व्यक्तिले पनि, "मैले भन्छु" भन्ने वाक्य पनि प्रयोग गर्छ र "मलाई भन्छ" भन्ने वाक्य पनि प्रयोग गर्दैछ★ ॥

भगवान् बुद्ध –

जो भिक्षु कृतकृत्य भैसक्यो, अर्हत भैसक्यो,
क्षीणाश्रव भई आफ्नो अन्तिम शरीर धारण गरि राखेको छ;
उसले "मैले भन्छु" भन्ने वाक्य पनि प्रयोग गर्छ,
र "मलाई भन्छ" भन्ने वाक्य पनि प्रयोग गर्छ ॥
तर यी वाक्यहरू त यी पण्डितहरूले शिर्फ बोलचालको लागि मात्र प्रयोग गर्ने गर्छन्,
केवल व्यवहारमा सजिलो पार्नका लागि मात्र यी वाक्यहरू प्रयोग गर्ने गर्छन्❋॥

देवता –

जो भिक्षु कृतकृत्य भइसक्यो, अर्हत् भइसक्यो,
क्षीणाश्रव भई जसले आफ्नो अन्तिम शरीर धारण गरिराखेको छ,
के उनले आफ्नो अभिमानको कारणले "मैले भन्छु"
र "मलाई भन्छ" भन्ने वाक्यहरू प्रयोग गरेका हुन् ?

भगवान् बुद्ध –

जसको मान खोज्ने (घमण्डीपना) वानी नाश भैसक्यो, उसको लागि कुनै गाँठो (अल्झिने वानी) हुने छैन, त्यसैले उनको लागि सबै मान र गाँठोहरू नाश भैसकेको हुनेछ,
त्यस्तो पण्डितले तृष्णालाई जितिसकेको हुनेछ, उसले "मैले भन्छु" भन्ने वाक्य पनि प्रयोग गर्छ;
"मलाई भन्छ" भन्ने वाक्य पनि प्रयोग गर्छ,
यी वाक्यहरूलाई उनीहरूले केवल बोलचालको कारणले मात्र, र केवल ब्यवहारको लागि मात्र प्रयोग गर्ने गर्छन् ॥

[६. पज्जोत सुत्त (१.३.६) प्रद्योत]

संसारमा कति प्रद्योत (प्रकाश) छन्,
जसबाट लोक उज्यालो हुन्छ ?
यसबारे जान्नपाए हुन्थ्यो भन्दै देवता भगवान समक्ष आए ।

भगवान् बुद्ध –

संसारमा चारवटा प्रद्योतहरू छन्,
पाँचवटा छैनन्,

---

❖ त्यस देवताको यस्तो मिथ्या धारणा हुन गयो कि, "राम्रो या नराम्रो, लौकिक या लोकोत्तर सबै चित्तलाई उत्पन्न नै नगरी हटाउन आवश्यक छ ।"

❀ "देवताको मिथ्या धारणालाई हटाउनका लागि भगवान् बुद्धले यस गाथा भन्नुभयो– कुनै चित्तलाई हटाउनुपर्ने हुन्छ भने कुनै चित्तलाई अभ्यास गर्नुपर्ने हुन्छ ।" दान दिनेछु, शील रक्षा गर्नेछु आदि भनी राम्रो धारणा राख्ने चित्तलाई हटाउन आवश्यक छैन । जब पाप गर्ने भावना सहितको चित्त उत्पन्न हुन थाल्छ, तब मात्र त्यस्तो प्रकारको चित्तलाई हटाउनु उचित हुनेछ ।" - अट्ठकथा

★ एक पटक एकान्त ठाउँमा बस्ने एक देवताले कोही क्षीणाश्रव अर्हत् भिक्षुहरू एक आपसमा "मैले भन्छु", "मलाई भन्छ", "मेरो पात्र" र "मेरो चीवर" आदि भन्दै कराइरहेको सुन्यो । यस्तो कुरो सुनेर त्यस देवतालाई यस्तो शंका र अन्यौल हुन थाल्यो– जब पञ्चस्कन्ध बाहेक कुनै "आत्मा या जीव" नै छैन भने यी अर्हत् भिक्षुहरूले किन "म" र "मेरो" भन्दै कराइरहेको होला ?

❋ "लोके समञ्ञं कुसलो विदित्वा वोहारमत्तेन सो वोहरेय्याति" जन साधारणको व्यवहारिक प्रयोग अनुसार नै उनीहरूले म र मेरो भन्ने गर्छन् । यस्तो शब्द प्रयोग गर्दैमा यसलाई आत्म दृष्टि भन्न मिल्दैन । यस्तो शब्द प्रयोग नगरिकन "स्कन्धले भोजन गर्छ", "स्कन्ध बस्छ", "स्कन्धको पात्र" र "स्कन्धको चीवर हो" आदि भन्दै व्यवहार चलाउन झन मिल्दैन । यस्तो कुरा गरेर कसैले बुझ्ने पनि छैन । त्यसकारण बाध्य भएरै लौकिक व्यवहार अनुसार नै यी वाक्यहरू प्रयोग गर्नुपर्ने हुन्छ ।


Downloaded from http://www.dhamma.digital

दिउँसो सूर्य तेजिलो हुन्छ। राती चन्द्रमा चम्किन्छ,
आगो दिन रात दुबै समयमा चम्किने गर्छ,
यसले ठाउँ ठाउँमा प्रकाश दिने गर्छ;
तर सम्यक सम्बुद्ध यी सबै प्रकारका प्रकाशहरू भन्दा श्रेष्ठ हुनुहुन्छ,
उहाँको आभा अलौकिक हुन्छ♥॥

[७. सरासुत्र (१.३.७) नाम-रूपको निरोध]

संसारको धारा कहाँ पुगेपछि अगाडि बढ्दैन ?
भुमरीले कहाँ चक्कर लगाउँछ ?
नाम-रूप दुबै कहाँ पुगेपछि
बिल्कुल नाश भएर जान्छ ?

भगवान् बुद्ध –
जहाँ पानी, पृथ्वी, अग्नी र वायु आदि
प्रतिष्ठित हुँदैनन्,
त्यहीं धारा रूक्छ,
त्यहीं भुमरीले चक्कर लगाउँदैन,
त्यहीं नाम-रूप दुबै
बिल्कुल नै निरूद्ध भएर जान्छ ॥

[८. महद्धन सुत्त (१.३.८) तृष्णाको त्याग]

महाधन भएको व्यक्ति र महाभोग भएको व्यक्ति देशका अधिपति राजा पनि
एक आपसको सम्पत्तिमा लोभ गर्दछन्;
काम (पञ्चकाम सुख) बाट उ तृप्त हुँदैन ॥
लोक प्रति उत्सुक बनिरहने,
र संसारको धारामा बगिरहने कार्यमा, लागिसकेपछि यस संसारको तृष्णालाई त्यागी लोक प्रति उत्सुक नहुने व्यक्ति को होला ?

भगवान बुद्ध –
घर त्यागी प्रब्रजित हुने,
छोरा, पशु र प्रियहरू त्यागी,
राग र द्वेषलाई पनि त्यागी,
अविद्यालाई सधैं हटाई,
जो क्षीणाश्रव अर्हत् भिक्षु बनिसकेको छ,
उही व्यक्ति संसारमा रहेर पनि संसारप्रति उत्सुक नहुने व्यक्ति हुनेछ ॥

[चतुक्क सुत्त (१.३.९) यात्रा यस्तो हुनेछ]

चारवटा चक्का भएको,✓
नौवटा ढोका भएको,✖
अशुचिपूर्ण, लोभले भरेको छ ।
हे महावीर ! (बाटो) हिलै हिलोले भरेको छ, कसरी यात्रा गर्ने ?

भगवान् बुद्ध –
वैरभाव❋ र लोभलाई त्यागी,
इच्छा, लोभ र पापमय विचारलाई पनि त्यागी।
तृष्णालाई भित्री जरा देखि नै उखेली;
यस्तो यात्रा गर्नुपर्छ ।

[१०. एणिजङ्घ सुत्त (१.३.१०) दु:खबाट मुक्त]

एणि मृग जस्तै, जांघ वाला, कृश, वीर, अल्पाहारी लोभ रहित हुनु भएको;
सिंह जस्तै एक्लै हिंड्ने, पाप रहित, जस्को काम (पञ्चकाम सुख) इच्छा नाश भइसकेको छ,
यस्तो गुणले भरिपूर्ण भएको तपाईंको समक्ष आएर मैले केही प्रश्न गर्छु –
दु:खबाट कसरी छुटकारा पाउन सकिन्छ ?

भगवान् बुद्ध –
संसारमा पाँच प्रकारका काम गुणहरू छन्
छैठौं कामगुण मनलाई भनिन्छ;
यसमा उत्पन्न हुने इच्छाहरूलाई
हटाउन सक्यौं भने मात्र
दु:खबाट छुटकारा पाइनेछ ॥

**-: लोक नीति :-**

**"कोइलीको रूप (त्यसको) स्वर हो आइमाईहरूको रूप पतिब्रता धर्म रक्षा गर्ने हो, कुरूपको रूप विद्या हो, र ऋषि-मुनिहरूको रूप क्षमा तथा सहनशीलता हो ।"**

---

♥ "बुद्धको आभा के हो ? ज्ञान, प्रीति, श्रद्धा वा धर्मकथा आदिका जति पनि तेज छन्, तिनीहरू सबै बुद्धको पादुर्भाव भएको कारणले गर्दा नै उत्पन्न हुने हुँदा यिनीहरूलाई बुद्ध आभा भनिन्छ ।" - अट्ठकथा

✓ "चार चक्का भएको" भन्नु नै चारवटा इरियापथ हो (उभिरहेन, बस्ने, सुत्ने र हिंडडुल गर्ने)"

✖ आँखा दुईवटा, कान दुईवटा, नाकका प्वालहरू दुईवटा, खाने मुख, मलद्वारा र पिशाव द्वार गरी जम्मा ९ वटा प्वालहरू ।

❋ नद्धि=उपनाह । "पहिले क्रोध हुन्छ, त्यही पछि गएर वैरभाव (उपनाह) मा परिवर्तन हुनजान्छ ।" -अट्ठकथा ॥


Downloaded from http://www.dhamma.digital

# बोधिसत्वराजा

✍ भिक्षु अश्वघोष

त्रिपिटक मन्दिर उद्घाटन समारोहमा भागलिन बैंकक् वत् पक्नाम विहाराधिपति भिक्षु धम्मधीर राजमहामुनिबाट निमन्त्रणा पाएको थिएँ । दिसम्बर २९ तारिखका दिन उद्घाटन समारोह थियो । २७ तारिखका दिन काठमाडौंबाट थाइ अन्तर्राष्ट्रिय विमानबाट हामी पाँच जना भिक्षुहरू प्रस्थान गऱ्यौं । थाइ इन्टरनेशनल प्लेनमा थेरवादी भिक्षुहरूलाई खुब सम्मान हुँदो रहेछ । त्यही उद्घाटन समारोहमा भाग लिन श्रीलंका, बंगलादेश, भारत, जापानबाट पनि भिक्षुहरू आउनु भएका थिए । जापानबाट आउनु भएका भिक्षुहरू बज्रयानी थिए । विहारमै बस्ने व्यवस्था मिलाइएको रहेछ । खाटको व्यवस्था थिएन । भुइँमा गलैंचा माथि पातलो तन्ना बिछ्याएको थियो । एउटै कोठामा ३/४ जना सुतेका थियौं । त्यो भिक्षु जीवनको शैली नै थियो । त्यहाँ त गर्मी रहेछ । रातभर पंखा चलाएर सुतियो । लामखुट्टेलेपनि रगत चुसेर खुब परीक्षण गर्दो रहेछ । त्यहाँका अधिकारीहरूले जुत्ता बाहिर नराख्नु भने । नयाँ जुत्ता पोइल जान्छ रे ।

२९ तारिखका दिन बिहान आठ बजे बुद्धमण्डल स्थलमा बनाइएको पालि त्रिपिटक मन्दिरमा हामीलाई लगियो । सान्है रमाइलो र स्वच्छ वातावरण भएको ठाउँ रहेछ । हामीसँगै गएका एकजना भक्तपुरको उपासकले भने– हामी त स्वर्गमा पो पुग्यौं ।

पालि त्रिपिटकलाई संगमरमरको ढुंगामा कुँदेको शिलालिपि जस्तै सुरक्षित गरेका थिए । ६ फिट लम्बाई चार फिट चौडाईको चौदहसय चौहत्तर (१४७४) संगमरमरको दुबै पातामा लेखेको थियो । अति नै भव्य ढंगले मन्दिर बनाएर राखिएको थियो । उक्त दिन शील प्रार्थना र बुद्ध पूजा तथा परित्राण पाठ पछि भिक्षु धम्मधीर राजमहामुनि महास्थविरले उद्घाटन गर्नुभएको थियो । उक्त अवसरमा लगभग पाँचसय भिक्षुहरूको उपस्थिति थियो । उद्घाटनपछि भिक्षुहरूलाई चीवर वस्त्र र थैली (दक्षिणा) सहित दान दिनु भएको थियो । त्यस मन्दिर सम्पूर्ण बुद्ध जीवनले रंगीन चित्रण भएको थियो । मन्दिर बाहिर चारैतिर पानीको नहरले घेरिएको थियो । वरपर बृक्षारोपण गरिएको थियो । त्यत्रो विशाल भवन र त्रिपिटक अक्षर कुँद्न दश वर्षमात्र लाग्यो रे । एउटा शिलापत्र लेख्न ज्याला रू. ५ हजार परेको थियो रे । संगमरमरमा अक्षर लेख्नेहरू सबै भिक्षुहरू नै थिए रे ।

मेरो थाइल्याण्ड भ्रमण यो चौथो पटक हो । एक जनाले सोध्यो- 'पहिले र अहिले के फरक छ ?' मैले भनें– 'खोइ १५-१६ वर्ष पहिले आएको थिएँ । पहिले धेरै फोहर थियो । तर अहिले सफा भएको रहेछ जस्तो लाग्यो । झुत्रो बस पनि देखिएन र टचाक्सी पनि राम्रो देखें । पहिले टचाक्सीमा मीटर भए पनि जथाभावी पैसा लिइन्थ्यो । विदेशीहरूलाई ठग्थे । अहिले त मीटरमा जत्ति चढ्छ त्यति दिए पुग्दो रहेछ । टचाक्सीमा पहिले नै रू. ३५/– चढ्छ । पछि बिस्तारै रू. २ चढ्छ । हामी कहाँ जस्तो १०-१० सेकेण्डमा फ्यात्त-फ्यात्त मीटर चढ्दैन ।'

मैले सोधें– 'यो विचार कसले गरेको ?' एक जनाले भने– 'यहाँ नयाँ मेयर आएपछि सुधार आएको हो । मुख्य सडकमा सफाइको व्यवस्था नयाँ मेयरले गरेको हो । सिगरेटको टुक्रा सडकमा फालेको खण्डमा रू. ५ तुरून्तै हर्जना



*त्रिपिटक मन्दिर जसमा १४७४ संगमरमरमा त्रिपिटक कुँदिएको सुरक्षित छ ।*



Downloaded from http://www.dhamma.digital



*पालि त्रिपिटक कुँदिएको संगमरमरको दृश्य*

राजाका तस्वीर प्रदर्शन गरेर राखेको पनि देखियो । त्यहाँ त जनताले राजालाई साऱ्है माया गर्दारहेछन् । के राजालाई खुशी पार्न हो कि आफ्नै इच्छाले भन्ने प्रश्नमा जनताले यो वर्तमान भूमिबल राजालाई बोधिसत्त्वको रूपमा मान्दछन् । राजाबाट गाउँ गाउँमा गई अनाथ बुढाबुढी र बच्चाहरूलाई माया गर्ने काम हुन्छ । जनताको पीर मार्काको धेरै चिन्ता रहेछ राजालाई । त्यहाँका राजाले अहिलेसम्म विदेश भ्रमण गरेका रहेनछन् । राजाको संकल्प रहेछ– 'जबसम्म जनताको गरीबी हट्दैन तबसम्म विदेशमा जान्न भन्ने ।' राजा एक महिनासम्म भिक्षु पनि बन्नु भयो । थाइल्याण्डको संविधान अनुसार राजा पनि एक चोटी भिक्षु बन्नु अनिवार्य छ ।

तिर्नुपर्छ । अरू अरू फोहर कागज पनि फाल्न मनाही छ ।'

मैले सोधें- 'फोहरी नहर कसरी सफा भएको ?' त्यो व्यक्तिले भन्यो– 'त्यो त राजाको योजना हो । पहिले जम्मै घर-घरको फोहर नहरमै मिलाइएको हुन्थ्यो । बाटोमा पानीको पाइपसँगै जोडेकोले पानी पनि दूषित हुने गर्थ्यो । अहिले सबैको घरमा सेफ्टि टैंक बनाउन अनिवार्य छ । सेफ्टि टैंक भरिसकेपछि नगरपालिकाबाट सफा पारेर लगिन्छ । त्यसको ज्याला वापत रू. दुईसय लिने गर्छ नगरपालिकाले । नगरपालिकाले त्यो फोहर जम्मा गरेर मल र ग्यास बनाएर आय आर्जन गर्छ । अहिले मूल सडक सबै ढलान भएका छन् । हामी कहाँ जस्तो बाटोमा पानीको लाइन र ढलको निकासको लागि खन्ने काम हुँदैन । त्यो चाहिं राजाको योजना रे ।

मैले देखें आकाशबाट पुल जस्तो बनाइ राजमार्ग बनाइएको रहेछ । त्यो राजाले आफ्नै पैसाबाट बनाएका रहेछन् । अरू अरू राजमार्गमा कर असुल गर्ने गर्छ । तर राजाले बनाएको राजमार्गमा कर तिर्न पर्दैन रे । पत्रकारहरूले अन्तर्वार्ता लिंदा राजासँग प्रश्न गरेका थिए– 'मौसूफबाट बनाएको राजमार्गमा किन कर नलिनु भएको या कर मुक्त भएको ?' राजाको उत्तर थियो– 'राजमार्ग बनाएको मैले हो । तर पैसा जनताबाट उठेको हो । त्यसैले कर नलिएको हुँ ।'

ठाउँ ठाउँमा राजाको फोटो देखिन्छ । ठूलठूला

सारा पुरुष वर्ग पनि एकचोटी भिक्षु र सिपाहीं बन्नु अनिवार्य रहेछ । अचम्मको कुरो भिक्षु पनि बन्नु पर्ने र सैनिक पनि बन्नु पर्ने । साधारण मानिसले त एकपटक भिक्षु नबनी विवाह गर्न पनि नपाउने नियम रहेछ । विवाहको कुरा उठेपछि भिक्षु बनेको छ कि छैन भन्ने प्रश्न हुँदा रहेछन् । यदि भिक्षु नबनेको भए छोरी दिन कोही तयार हुँदा रहेनछन्, राजाको विचारमा देशमा गरीबी नहोस् भन्ने छ । तर भिखारी धेरै देखिन्छ यो कसरी भयो भन्ने प्रश्नमा उत्तर थियो– 'राजाको विचार त राम्रो छ तर मन्त्रीहरू धेरैजसो घूसखोरी, कमिशनखोरी बनेर राष्ट्र उत्थान र गरीबी निवारणतिर ध्यान दिँदैनन् । फेरि जनतामा धर्मप्रति बढी आस्था र विश्वास भएकोले भिक्षुहरूलाई दान दिने, बुद्ध मूर्ति बनाउनेलाई लाखौं करोडौं खर्च गर्न तयार, सरकारलाई जनता कर तिर्दैनन् । कर तिर्न परेको खण्डमा पनि दान दिएँ, यतिका बुद्धमूर्ति बनाएँ भनेर हिसाब देखाउँछन् । सरकारलाई कर तिर्नु भन्दा धर्ममा खर्च गर्ने भावनाले राष्ट्र बनाउन र गरीबी निवारणमा बाधा भएको जनगुनासो छ ।

मूल सडक त सफा देखिन्छ तर अरू गल्ली गल्लीमा त फोहर देखिन्छ । शायद हाम्रा काठमाडौंका मेयर स्थापितलाई रत्नपार्क र पुरानो बसपार्कतिर घुम्न फुर्सद नभए जस्तै बैंकक्का मेयरलाई पनि फुर्सद छैन जस्तो छ । ■



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति पत्रिकाया मिसा च्वमिपिं १०

✍ प्रेमहिरा तुलाधर

थुगु च्वसु दँयदसं पिदना वयाच्वंगु धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया प्रकाशन "धर्मकीर्ति" दँपौया दँ १५ ल्या: १ स पिदंगु "धर्मकीर्ति पत्रिकाया मिसा च्वमिपिं-१" धैगु च्वसुया झिगूगु ब्व खः। प्रस्तुत लेखय् दँ १० ल्या: १० स दुथ्या:पिं मिसा च्वमिपिनि च्वसुया बारे छुं खं च्वयगु कुतः यानागु दु।

१०. भिक्षु अश्वघोष (सं.) –
धर्मकीर्ति, दँ १०, ल्या: १०, ने.सं. ११०१,
बु.सं. २५२५, वि.सं. २०३८ धर्मकीर्ति विहार,
श्रीघ: न:घ:त्वा, यें।

धर्मकीर्ति पत्रिकाया थुगु ल्याखे मुक्कं झिंछम्ह च्वमिपिनि च्वसु दुथ्यागु दु। गुकी प्यम्ह मिसा च्वमिपिनि च्वसु ला:गु दु। थ्व स्वया न्ह्योया ल्याखे स्वया थुगु ल्याखे छम्ह अप्पो जुया प्यम्ह मिसा च्वमिपिनि च्वसु दुथ्या:गु दु। थुकी दुथ्या:पिं प्यम्ह मिसा च्वमिपिं व वयक:पिनि च्वसुया धलः क्वय् बिया कथं दु।

१) अनगारिका, धम्मवती - स्वार्थी बन्नु हुँदैन - पौ १२-१३
२) स्थापित, समीर - क्षान्ति पारमिता - पौ १८-२०
३) तुलाधर, किरण प्रभा - धर्म - पौ २१-२३
४) ताम्राकार, प्रेमहिरा - सत्य पारमिता - पौ २४-२६

धर्मकीर्ति पत्रिकाया थुगु ल्या:या न्हापाम्ह मिसा च्वमि श्रद्धेय धम्मवती गुरुमाँया "स्वार्थी बन्न हुँदैन" धैगु च्वसुइ वसपोलं झीपिं मनू जुया जन्म जुयाच्वना गबलें स्वार्थी जुइ मज्यू थ:गु स्वार्थ पुरा याय धात्तलें छखें फाइदा जूथें च्वंसा मेखें नास जुइ धयादिसे थ:गु स्वार्थ पुरा याना धनपो थ:त कया अप्पा बाकूया पो दाजुयात ज्वंके धका स्व:म्ह निम्ह दाजु किजाय् किजाम्हं धनपो धका छेँय् ह:बले अप्पा बाकूयापो: लाना किजाम्हेस्या मन दाह जुल धैगु बाखँ छपु नं न्ह्यब्वया दिल। उकिं झीपिं गबलें नं थ:त जक कतिलाका स्वार्थी जुई मज्यू, कतिलाके धात्तले गतिमलाका च्वनेमाली धका थुगु च्वसुइ वसपोल धम्मवती गुरुमां नं ध्वाथुइक कना बिज्यागु दु।

थथेह "क्षान्ति पारमो" धैगु च्वसुया लेखिका मयुजु समीर स्थापितजुं थ:गु च्वसुइ दश पारमिता दुने दुथ्यागु क्षान्ति पारमीया अर्थ सहयाय्गु तँ पिमकाय्गु सुं नापं बैरभाव मयाय्गु खः धैदिसे सारिपुत्र भन्तेयात जनुफाते दा:म्ह ब्रह्मुयात तंपिमकासे सहयाना क्षान्ति शक्तिं ब्रह्मुयात हृदय परिवर्तनयात। शस्त्र प्रहारं मखु सहयाना शत्रुयात बुका छोत धैगु छत्वाचा खँ नं न्ह्यथना दिल। नापं झीसं स्वंगू कारणं सहयाय् माली धैगु खँ कना दीगु दु। गथे (१) थ:गु पुलांगु संस्कार व बानिं याना थ:त जूगु दु:ख सहयाय्गु (२) थ:म्हं हे याना थ:त घा:पा: ज्वीबले थ:हे मूर्ख धका सीका सहयाय्गु (३) मेपिनिपाखें ज्वीगु निन्दा उपहास सहयाये मालीगु। अले भगवान बुद्धं नं तसकं हे सहन शक्ति दुम्ह खः धयादिसे आक्रोस धैम्ह छम्ह ब्रह्मु नं तमं बुद्धयात छ दोहँ गधा:, फै, ठग धका ब्व: ब्यूसां बुद्ध सुक न्हिला बिज्यागु खना ब्रह्मुया आश्चर्य चाया छं तं पिहां मवला ? धका न्यनेवं थ्व जिं मकया धया बिज्यायवं वसपोलयात ब्वबियागु जित: तुं लिहाँ वल धैगु थ्वीका थ:गु दुर्व्यवहार खना पश्चाताप जुया बुद्धयाके माफि फ्वना बुद्धया शरणे वंगु खं नं कना दिल। थुकथं झीसं नं झीगु ब्यवहारिक जीवने फछिं फत्तले विवेक बुद्धि न्ह्यब्वाका थ:गु क्षान्ति रूपि हतियार छय्ला यंके फय्केमा:गु खँ सकसितं लुमंका बिया दिल।

थुगु ल्या:या मेम्ह मिसा च्वमि मयुजु किरण प्रभा तुलाधरजुं थ:गु "धर्म" धैगु च्वसुइ वय्कलं धर्मया परिभाषा बियादिसे धर्म धैगु थ:थ:गु आचरण व मन शुद्ध याय्गु खः तर मनूतय्सं थुकी ध्यान मतसे स्वाँ, सिन्ह, धूँ-धुंपाय् जाकि तया पूजा याय्गु हे धर्म खः धका मती तयाच्वन धका च्वयादीगु दु। अले गोयन्काया धापू कथं सुखपूर्वक म्वाना च्वनेगु व मेपिन्त नं सुखं म्वाना च्वने फय्केगु हे धर्म खः धका नं कनादीगु दु। बुद्धया विचाकथं थ:त नं परयात नं भिं ज्वीगु, सुयातं मस्याय्गु ज्याखँयात धर्म धाइ। थ:त थ:म्हं म्हसीका थ:गु दोष थम्हं खंकेगु मभिंगु ज्या व खँ तापाक्क च्वनेगु, करपिन्त द्वेष भावनाया



Downloaded from http://www.dhamma.digital

खँ मल्हाय्गु नं धर्म खः । अले ब्यवहार कथं धर्म धैगु ज्ञान मार्ग व भक्ति मार्ग दुगु खँ कनादिसे भक्ति मार्ग सिकं ज्ञान मार्ग तःधं धैगु खँ नं दसु बिया ध्वाथुइक कनादीगु दु । थुकथं झीगु जीवन सुखमय् यायत धर्म मदयक मगाः । विभिन्न ज्या खँय् झीसं चित्त भिंका मतिकुन्हा मजुसे धर्म कार्य याय् फःसा झीपिं ज्ञान मार्गे लाःपिं ज्वी धैगु खँ नं लेखिकाजुं न्ह्यथना दीगु दु ।

अथेहे मेम्ह मिसा च्वमि मय्जु प्रेमहिरा ताम्राकार जुया "सत्य पारमी" धैगु च्वसुइ वय्कलं सत्य पारमी धैगु मखुगु खँ मल्हाय्गु जक मखु थःके दुगु गुण धर्मया बलं सत्य कर्मया फलं मेपिन्त भिं याय्गु नं खः धैदिसे भगवान बुद्धया सत्य वचनया प्रभावं भिं जूगु प्रमाण थौंतक परित्राण पाठ याय्गु चलनं सीदु धैगु खँ न्ह्यथना दीगु दु । अले सत्य वचनया बलं सर्प न्याःम्ह मचाया विष क्वलाःगु बाखंत न्ह्यथना दिसे सत्य वचन धैगु साब तःधं धैदीगु दु । अले सत्य खँ ल्हाना ल्वंथें छाःगु हृदययात नं नाय्केफु धैगु खँया दसु बिइया लागि मनूत स्याइपिं डाकुत नं भिक्षु जूगु बाखँ छपू नं न्ह्यथना दीगु दु । नापं मेपिन्त ज्याय्ख्यले मदुगुसा सत्य जूसां अज्यागु खँ मल्हाय्गु व थाय् स्वया सत्य खँ ल्हाय्माः धका सत्य खँ ल्हाय्गु निगू तरीकाया नं उल्लेख याना दीगु दु । थुकथं थुगु च्वसुइ लेखिकाजुं सत्य वचनया तःधंगु महत्व दुगुलिं हे भगवान बुद्ध ज्वीत सत्य पारमी पुरे मयासे मज्यूगु खँ नं न्ह्यथना दीगु दु ।

**–: लोक नीतिः–**

**"खोलाहरूले पानी आफैं पिउँदैनन्, रूखहरूले आफ्नो फल आफैं खाँदैनन्, बादलले मन परेको कुनै-कुनै ठाउँमा मात्र वर्षा गर्दैन, (झैं) सत्पुरुषहरूको धन-सम्पत्ति पनि (आफ्नो भलाइको निमित्त मात्र नभई) अर्काको प्रयोजनको लागि पनि हुन्छ ।"**

थुगु च्वसु धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया उद्देश्य कथं प्रकाशन जुया वयाच्वंगु धर्मकीर्ति पत्रिकाया दँ १५ ल्याः १ स पिदंगु "धर्मकीर्ति पत्रिकाया मिसा च्वमिपिं–१" धैगु च्वसुया झिंछगूगु ब्व खः । थुगु च्वसुइ धर्मकीर्ति पत्रिकाया दँः ११, ल्याः ११ स खनेदुपिं मिसा च्वमिपिनि बारे छुँ खँ न्ह्यथने त्यना ।

११. भिक्षु अश्वघोष (सं.) -
धर्मकीर्ति दँः ११, ल्याः ११
ने.सं. ११०२, बु.सं. २५२६, वि.सं. २०३९
धर्मकीर्ति विहार, श्रीःघः नघःत्वा, यँ ।

धर्मकीर्ति पत्रिकाया थुगु ल्याखय् मुक्कं झिंछम्ह थीथी च्वमिपिनि च्वसु दुथ्याःगु दु । उकी मध्ये छम्ह हे जक मिसा च्वमि व वय्कःया च्वसु क्वय् वियाथेँ खः ।

१. शाक्य, रूपा – "बौद्ध सुखः" – पौ. २६-२७ ।

धर्मकीर्ति पत्रिकाया थुगु ल्याःया छम्ह हे जक मिसा च्वमि मय्जु रूपा शाक्यया "बौद्ध सु खः" धैगु च्वसुइ वय्कलं झीसं बुद्धयात बाँलाक म्हमस्यूनि अले बौद्ध जुया याय्माःगु ज्या याःगु खनेमदु धयादिसे बुद्धयाथासं लिहाँवना ब्यापारे वनेमाःपिं, मुद्दाय् जुइमाःपिं, सुलिमय् दुस्वय्माःपिं, न्या लाःथाय् द्यां क्वय् प्यूवनेमाःपिं बौद्धतय् साब लिमलाः धका बौद्ध जुया नं बुद्धया शिक्षा अनुसारं ज्या याना च्वंगु मदु धका ध्याच्यू नं नका दीगु दु ।

अले बुद्ध जन्म जूगु देशय् नं बौद्ध धर्म उत्थानया निम्तिं सरकारं छुं वास्ता याःगु मदु धका सरकारप्रति असन्तोष व्यक्त याना दीसां बुद्ध धर्म थकाय्माः बुद्ध धर्म लोप जुया ध्वया इतिहास व संस्कृति हे न्हनावनी धका चिउता कया ज्या याना जूपिं बौद्ध धर्मय् मन क्वसाःपिं समाज सेवकत आपालं दुगु खँ नं न्ह्यथना दिल । अन्तय् थुगु च्वसुया लेखिका मय्जुं बुद्ध गनं मखु थःथःगु नुगलय् दु धैदिसे झीसं बुद्धया उपदेश जक न्यनेगु मखु उपदेश न्यनाथें ब्यवहारय् नं छ्यले सयकेमाः धका झी सकसितं ध्वाथुइक कनादीगु दु । थुगु च्वसु स्वय्बले छपु हिसिचा दुगु आत्म, कथात्मक शैली च्वयातःगु बाखँथें च्वनानं लेखिकाजुं थुकी बौद्ध सुखः ? थौं बौद्धतय्सं छु याना च्वन ? बौद्ध तय्सं छु याय्माः ? धैगु महत्वपूर्णगु खँ सकसिगु नुगलय् थ्यंका दीगु दु । ■



Downloaded from http://www.dhamma.digital

## छलफल

२०५५ असोज २ गते । छलफलको रूपमा संचालित यस दिनको कार्यक्रममा सदस्यहरूबाट यसरी प्रश्न उठाइएको थियो– "संकुचित विचारधाराका कुनै मानिसहरूले नेपालमा सबभन्दा पहिलो धर्म हिन्दू धर्म हो भनी दावी गरेका छन् । त्यतिमात्र होइन उनीहरूले बुद्ध धर्म हिन्दू धर्मको शाखा धर्मको रूपमा प्रचार-प्रसार समेत गरिरहेका छन् । यस्तो झूठो दावीलाई हामीले कसरी प्रतिकार गर्ने होला ?

यस प्रश्नको उत्तर दिनुहुँदै वक्ता मदनरत्न मानन्धरले भन्नुभयो– "पहिला पहिला वैदिक धर्म र सनातन धर्म मात्र थिए। राणा शासन कालमा मानिसहरूले शैव र वैष्णव धर्मका हाँगाहरू फैलाएका थिए । हाल आएर बुद्ध धर्म र हिन्दू धर्मको रूपमा लिन थालियो ।

यसरी धर्मलाई साम्प्रदायिक विचारधाराले हेर्ने बानीले गर्दा म र मेरो भन्ने धारणालाई छोड्न नसकी मेरो धर्म तिम्रो धर्म भन्दै धर्मलाई संकुचित घेरा भित्र राख्न खोजियो ।

तर बुद्धको शिक्षा अनुसार धर्मको मूल परिभाषा यसरी दिन सकिन्छ– "नराम्रा खराव कार्यहरूलाई त्यागी राम्रा असल कार्यहरू मात्र गर्ने र आफ्नो चित्त शुद्ध पार्नु नै धर्म हो।" जसले आफ्नो चित्तलाई राग, द्वेष र मोहबाट टाढा राखी निर्मल बनाउन सक्छ, ऊ बौद्ध भए पनि हिन्दू भएपनि उसको चित्त शान्त र शीतल नै हुनेछ । धर्मको यस प्राकृतिक नियम सम्पूर्ण प्राणीहरूलाई समान रूपले लागु हुन्छ । त्यसैले हामी वाद विवादमा अल्मलिने नगरी सत्य धर्मलाई बुझी यसलाई आफ्नो जीवनमा अभ्यास गर्न सकेको खण्डमा मात्र हामीले आफूलाई सांसारिक दुःखबाट अलग्ग राखी मुक्ति पाउन सक्नेछौं ।"

धर्म प्रचार प्रसार गर्ने कार्यमा भाषा एउटा समस्याको रूपमा खडा भैरहेको कुरो सत्य हो ? भन्ने प्रश्नको उत्तर दिने क्रममा उहाँले भन्नुभयो– "धर्मलाई जान्न र बुझ्नका लागि जसले दृढ निश्चय लिन्छ, उसलाई भाषाले बाधा दिन सक्दैन । उदाहरणको लागि हामीले राहुल साँकृत्यायनलाई लिन सक्छौं ।"

यस दिन श्यामलाल चित्रकारको सभापतित्त्वमा सुश्री तारा डंगोलले कक्षा संचालन गर्नुभएको थियो ।

## शील – आर्य धन

२०५५ असोज १० गते । यसदिन श्रद्धेय भिक्षु अश्वघोषले आर्य धन "शील" बारे प्रवचन दिनुहुँदै भन्नुभयो– "राम्रो मार्गमा पुगिसकेको आर्य व्यक्तिको धन नै शील हो । किनभने मानिसको मूल्य बढाउने आध्यात्मिक धन नै शील हो । शीलले मानिसको तेज बढाउँछ । जहाँ गए पनि शीर ठाडो पार्न सक्ने व्यक्ति बनाइदिन्छ शीलले । शील सदाचार नभएको व्यक्तिलाई समाजले विश्वास गर्दैन । बुद्ध शिक्षामा शील, समाधि र प्रज्ञा गरी ३ वटा विषयले विशेष स्थान ओगटेको छ । यिनीहरू आर्य अष्टाङ्गिक मार्गको संक्षिप्त रूप हुन् ।

आजभोलिको समाजमा जतातते शील स्वभाव नराम्रो व्यक्तिहरूको मात्र जगजगी भएको देखिन्छ । नैतिकता हीन, स्वार्थी स्वभाव हुनु भनेको नै शील नभएको चिन्ह हो । बुद्धको शिक्षा अनुसार सफा सुग्घर नगरी फोहरी भएर बस्ने बानी पनि शील नभएको चिन्ह हो । यसरी दुशील र प्रज्ञाहीन व्यक्ति कहिले पनि दुःखबाट मुक्त हुन सक्दैन ।

## बुद्ध धर्म र अन्य धर्म

२०५५ कार्तिक २७ गते। यस दिन भिक्षु प्रज्ञामूर्तिले "बुद्ध धर्म र अन्य धर्म" विषयमा प्रवचन दिनु भएको थियो। प्रवचनको क्रममा उहाँले भन्नुभयो– "बुद्ध धर्म र अन्य धर्महरूका समानताको साथसाथै असमानता पनि थुप्रै छन्। सबै धर्मले स्वतन्त्र चिन्तनलाई स्थान दिइएको देखिँदैन। तर बुद्ध धर्मले स्वतन्त्र चिन्तनलाई जोड दिइएको छ। बुद्धले भन्नुभएको छ– "कुनै पनि ग्रन्थलाई आफूले अध्ययन गरी आफ्नै प्रज्ञा प्रयोग गरी ठीक लागे मात्र त्यसलाई स्वीकार गर्ने गर्नुपर्छ ।" तर हिन्दू धर्ममा वेद, उपनिषद र पुराण आदि, मुस्लिम धर्ममा कुरान, क्रिश्चियन धर्ममा बाइबल आदिलाई देव वाक्यको रूपमा विश्वास गरिन्छ । यी ग्रन्थहरूलाई बिरोध गर्न पाइँदैन । जसरी भएपनि यसलाई स्वीकार गर्नुपर्ने हुन्छ ।

अन्य धर्म ग्रन्थहरूमा यस संसारलाई इश्वरले श्रृष्टि गरेको बताइन्छ । संसारको पालन कर्ता र विनाशकर्ता पनि इश्वरनै हो भनी विश्वास गरिन्छ । तर बुद्ध शिक्षा अनुसार यस संसार हेतु (कारण) र फलको परिणाम मात्र हो। जस्तो बीउ रोपिन्छ त्यस्तै फल फल्दछ। त्यसैले यस संसार इश्वरले सृजना गरेको भन्न मिल्दैन ।


Downloaded from http://www.dhamma.digital

बुद्ध कोही देवता होइन । उहाँ त ऐतिहासिक प्रमाणित एक महामानव मात्र हुनुहुन्छ । उहाँ एक मार्गप्रदर्शक मात्र हुनुहुन्छ मुक्तिदाता होइन । तर धेरै जसो अन्य धर्ममा धर्म प्रवर्तकलाई देवपुत्र र देवदूतको रूपमा लिइन्छ भने उनीहरूलाई मुक्तिदाताको रूपमा लिई अन्ध विश्वास पनि गरिन्छ ।"

यस दिन श्यामलाल चित्रकारको सभापतित्त्वमा सुश्री तारा डंगोलले कार्यक्रम संचालन गर्नुभएको थियो ।

## क्यानाडा भ्रमण

२०५५ मंसीर ५ गते । यसदिन भिक्षु अश्वघोषले क्यानाडामा संचालित पाँचौ अन्तर्राष्ट्रिय विहार सेमिनार, IBMS (२८ अक्टोबर देखि ३० अक्टोबर सम्म संचालित) र बुद्धको ज्योति अन्तर्राष्ट्रिय संघ (BLIA) को सातौं सम्मेलन (१ नोबेम्बर देखि ४ नोबेम्बरसम्म संचालित) मा सहभागी हुनुभई सो बारे आफ्नो अनुभव बताउनु भएको थियो ।

अनुभव बताउने क्रममा भिक्षु अश्वघोषले भन्नुभयो– "IBMS को सम्मेलनमा श्रीलंका, बर्मा, थाइल्यैण्ड, बेलायत, फ्रान्स, अमेरिका, अफ्रिका, बंगलादेश, भारत र नेपालका भिक्षुहरू सहभागी हुनु भएका थिए । यस सम्मेलनमा विशेष गरी आजको विश्वसामु बुद्ध धर्म कसरी प्रचार गर्ने, धर्म प्रचार गर्ने व्यक्तिहरूको सक्षमता र नियत, विभिन्न यानहरूको गतिविधि तथा सोबाट स्थानिय जनसमुदायमा फैलिएको भ्रम निवारण र धर्म प्रचारमा भिक्षुहरूको देन आदि विषयमा छलफल गरिएको थियो ।

यसरी नै माष्टर शीनयुनको नेतृत्वमा संचालित BLIA को सम्मेलनमा लगभग ९० राष्ट्रहरूका २००० जवान बौद्ध प्रतिनिधिहरूले भाग लिएका थिए । यस सम्मेलनमा विशेष गरी, आजको युगमा बुद्ध धर्म, पूजा-पाठ र सिद्धान्तमा मात्र केन्द्रित नरही आजको विश्वको व्यवहारिक आवश्यकताहरू (शिक्षा, स्वास्थ्य सेवा, गरीबहरूलाई सहयोग गर्ने, २१ औं शताब्दीमा बुद्ध शिक्षालाई कसरी प्रचार गर्ने आदि विषयमा छलफल गरिएको थियो । यसबाहेक उक्त सम्मेलनमा नेतृत्त्व व्यवस्थापन, सहभागी एवं स्वयम् सेवकहरूको सक्रियता, गतिविधि र अनुशासन आदि विषयमा पनि चर्चा गरिएको थियो ।

अध्ययन गोष्ठीले पनि व्यवहारिक कार्यहरूमा बढी जोड दिई व्यवहारिक बन्ने तर्फ लाग्न सकेको खण्डमा बुद्ध शिक्षा प्रचार कार्यमा धेरै सहयोग पुग्ने देख्छु ।

ताइवानी भिक्षु माष्टर शिनयुनको नेतृत्त्वमा सन् १९९१ मा स्थापित Buddha's Light International Association (BLIA) ले हालसम्ममा ९० वटा भन्दा बढी राष्ट्रहरूमा शाखाहरू स्थापना गरी बुद्ध शिक्षा प्रचार कार्यमा सक्रिय भूमिका निभाउँदै आइरहेको देखिन्छ । यस संस्थाले पहिलो सम्मेलन १९९१ मा अमेरीकामा संचालन गरिएको थियो भने अरू क्रमशः ताइवान, भ्यान्कोभर, पेरिस, हङ्कङ्ग हुँदै यसवर्ष क्यानाडामा सातौं सम्मेलन सम्पन्न भएको हो । नेपालमा सन् १९९२ देखि यसको शाखा स्थापना भएतापनि यसले हालसम्म पनि कुनै ठोस गतिविधि देखाउन सकिरहेको छैन भन्ने जनगुनासो पनि सुनिन्छ ।"

यसदिनका कार्यक्रमको सभापति, रिपोर्टर र संचालक क्रमशः अगम्यरत्न कंसाकार, रामेश्वरी महर्जन र तारा महर्जन हुनुहुन्थ्यो ।

## प्रवचन

२०५५ पौष ३ गते । ललितपुर जिल्ला, दक्षिण भेकको माझखण्ड गाउँमा, गाउँका उपासक चन्द्रबहादुर शाङ्दनको अनुरोधमा सम्तेन क्षोस्लीङ गोम्पाको प्रमुख लामा खेनपो ङवाङ् वोशेर लामाज्यूले त्यस क्षेत्रका तामाङ्ग, लामा, उपासक-उपासिकाहरूलाई दुर्लभ मानव जीवन, अनित्य, कर्म हेतुफल आदि बारे प्रबचन दिनुभएको थियो ।

उहाँले भन्नुभयो– "यस अमूल्य मानव जीवनलाई खेर जान नदिन हामीले अहिले नै यस भवसंसारबाट पार तर्ने काम गर्नुपर्दछ । यो मानव देह क्षण क्षणमा मरणको बाटोतिर दौडीरहेको छ । कर्म र कर्मफलबारे प्रबचन दिनुहुँदै उहाँले फेरि भन्नुभयो– "जसले विष खान्छ, उसैलाई विषले नष्ट पार्छ । त्यसैले विष रूपी नराम्रा कार्यहरूको बीउलाई नरोप्नु नै राम्रो हुनेछ । यसको लागि हामीले बुद्ध शिक्षालाई अध्ययन गरी सोही अनुरूप आफ्नो जीवनमा अभ्यास गर्नसक्नु परेको छ ।"

यसदिन पाटनबाट पाल्नुभएका धर्मबहादुर लामाले धर्म अभिलाषी बन्धुहरूलाई बौद्ध विपश्यनाको बारेमा संक्षिप्त जानकारी दिनुभयो । यस प्रवचन कार्यक्रमका लागि सम्पूर्ण खर्च उपासक चन्द्रबहादुर शाङ्दनले ब्यहोर्नु भएको थियो ।

**-: भूल सुधार :-**

धर्मकीर्ति पत्रिकाको वर्ष १६, अंक ९ (पौष पूर्णिमा) को अंकमा "बुद्धको धार्मिक शिक्षा-२" लेखको लेखकको नाम "चन्द्रकाजी शाक्य" हुनुपर्नेमा नाम छुटिन गएको हुँदा सम्पादक मण्डल क्षमा याचना गर्दछौं ।


Downloaded from http://www.dhamma.digital

### मैत्री संघ पोखराको नयाँ कार्यसमिति

गत पौष ४ गते २०५५ मा बसेको मैत्री संघको दोश्रो वार्षिक साधारण सभाले आगामी २ वर्षे कार्यकालको लागि सर्वसम्मतिले नयाँ कार्यकारिणी समिति गठन गरेको छ। उक्त समितिमा अध्यक्ष, उपाध्यक्ष र सचिवमा क्रमस: विश्वरत्न शाक्य, विक्रम उदास, गोविन्दबहादुर ताम्राकार नै चुनिनु भएको छ भने सह-सचिव र कोषाध्यक्षमा क्रमस: सुनिता ताम्राकार र नीलकण्ठ उदास चुनिनु भएको छ । सदस्यहरूमा बृजमान ताम्राकार, दीपक उदास, नारायण ताम्राकार, हरिमाया गुरुङ्ग, नवीन उदास र भूवन ताम्राकार रहनु भएको छ ।

साधारण सभाको शुभारम्भमा अध्यक्ष विश्वरत्न शाक्यले सबै साधारण तथा सम्मानित सदस्यहरूलाई स्वागत गर्दै कार्तिकमा भएको दोश्रो वार्षिक उत्सव यता भएका कार्यक्रमहरूको जानकारी दिलाउनुभयो। त्यस क्रममा धर्मशीला बुद्ध विहारकी अनगारिका कर्मशीलालाई स्वास्थ्यपचारको लागि संघबाट रू. १५००/– उपलब्ध गराएको, बुद्ध पूजाको क्रममा मैत्री शिक्षा समूहका बालबालिकाहरूबाट जम्मा भएको ५ पाथी जत्ति चामल सडक बालबालिकासँग आवद्ध संस्था सिवीन, पोखरालाई उपलब्ध गराएको र यसैगरी ३/४ पाथी चामल बाल विकास सेवा भवन, कोपिलढुङ्गामा संचालित शिशु स्याहार केन्द्रका बालबालिकालाई उपलब्ध गराएको जानकारी दिनुभयो ।

गत मंसीर २९ गते ITE Bishan Singapore का २१ जना सदस्यहरूको सहभागितामा लायन्स क्लब अफ पोखराको सक्रियतामा अन्दाजी २०/३० हजार रूपियाँ पर्ने शैक्षिक तथा खेलकूद सामग्री र लत्ताकपडा उपलब्ध गराउनका साथै स्कूल भवनको झ्याल रङ्ग-रोगनको लागि इनामेल, पेण्ट; कक्षा कोठामा बिछ्याउन रू. १०,०००/– जत्तिको जूट कार्पेट उपलब्ध गराएको जानकारी पनि दिनुभयो । सचिव गोविन्द ताम्राकारले सभामा संघको आर्थिक अवस्थाबारे पनि जानकारी दिनुभएको थियो ।

### श्री ५ को शुभ जन्मोत्सव

**श्री ५ महाराजाधिराज वीरेन्द्र वीर बिक्रम शाहदेव सरकार**को ५४ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा मैत्रीसंघ, पोखराको आयोजनामा संघका सदस्यहरू तथा मैत्री शिक्षा समूहका बालबालिकाहरूबाट मौसूफ सरकारको सुस्वास्थ्य र दीर्घायुको कामना गर्दै सामूहिक बुद्ध पूजा र प्रार्थना भयो । उक्त कार्यक्रममा सहभागी ६०/६५ जना बाल-बालिकाहरूलाई लायन्स क्लब अफ पोखरा अन्नपूर्ण मार्फत ITE Bishan, Singapore बाट प्राप्त शैक्षिक सामग्रीहरू संघका सल्लाहकार बीलबहादुर गुरूङ्गले वितरण गर्नुभयो ।

आ-आफ्ना घरबाट मैनबत्ती ल्याई बाल-बालिकाहरूको बेलुकी दीपावलीका साथै संध्याकालीन पूजा, प्रार्थना पनि गरेका थिए ।

### न्याकोगु ज्ञानमाला रत्नवत सिरपा:

ज्ञानमाला भजन खल: स्वयम्भूया पुलांम्ह नायो: भाजु रत्नबहादुर तण्डूकारजुं थ:गु जीवनकाले नीस्वनादीगु "ज्ञानमाला रत्नवत सिरपा: "बु.सं. २५४२ दँया सिरपा क्वे नां न्ह्यथनाकथं बिइगु सिरपा समितिया नायो: सुइ मूंज्या च्वना कोछ्यूगु दु ।

सिरपा: नीस्वनादीम्ह दाताया इच्छाकथं दँय्दसं ज्ञानमाला राष्ट्रिय सम्मेलन जूगु पोहेलागा दुतियाया लुमन्ति न्हि कथं ल:ल्हाना वयाच्वंगु थुगु सिरपा: संघाराम विहारस थ्वहे पोहेलागा सप्तमि (२०५५ पौष २५ गते) शनिवा: न्हिनसिया १ ता: इले ल:ल्हाय्गु ज्याझ्व: क्वचा:गु दु ।

नेपालय् थेरवाद बुद्धधर्मया विकास, सम्वर्द्धन व संरक्षण बिया बिज्याय्गु निंम्तिं आपालं कुत: याना बिज्या:पिं भन्ते वा भिक्षुणी गुरुमापिं मध्ये छम्ह, ज्ञानमाला भजनयात लोकंह्वाकेगु ज्या नाप-नापं उकियात च्वछाय्बह: जुइक निरन्तरता बियावयाच्वंगु ज्ञानमाला भजन खल: मध्ये छगू खल: व ज्ञानमाला भजनयात बाँलाक तिब: बिइगु, भजनया म्ये आदि च्वया बिज्या:पिं, दीपिं लिसेलिसें बुद्ध धर्मयात ब्यापकता याना यंकेगु ज्याय् जनजाति बौद्धपिंगु दथ्वी नं बुद्धधर्मया प्रचार प्रसारया दुग्यंगु ज्या याना बिज्यापिं/दिपिं ब्यक्तित्वपिं मध्ये छम्ह ल्यया: थ्व "ज्ञानमाला रत्नवत सिरपा:" दँय्दसं ल:ल्हाना वयाच्वंगु ख: । छगू लाख तकाया ब्याजया ध्यवायात स्वब्व थला: उकिया नापं पौभा दसिपौ सहित थ्व सिरपा ल:ल्हाना वयाच्वंगु जुल ।

न्याक:गु "ज्ञानमाला रत्नवत सिरपा" हनामिपिं थथे दु ।

१. भिक्षु बुद्धघोष महास्थविर, सुमंगल विहार, यल ।
२. ज्ञानमाला संघ, सुनसरी, धरान ।
३. भाजु हर्षमुनि शाक्य (पुलांम्ह नायो युवा बौद्ध समूह) यैं।



Downloaded from http://www.dhamma.digital




अध्यक्ष धम्मवती गुरुमांले प्रमुख अतिथि युवा खेलकूद तथा सँस्कृती मन्त्री श्री पूर्ण बहादुर खड्कालाई सम्मानपत्र, धर्मकीर्ति अंकित प्रतिक र बुद्ध प्रतिमा प्रदान गर्नुभई अभिनन्दन गर्नुभएको थियो । साथै अध्ययन गोष्ठीका सल्लाहकार सानुरत्न स्थापितले यस कार्यक्रमका पुस्तक र ब्याच प्रदान गर्नुभएको थियो ।

अध्ययन गोष्ठीका सचिव अरूण सिद्धि तुलाधरले धर्मकीर्ति विहारको उद्देश्यहरू अवगत गराउनु हुँदै स्वागत भाषण गर्नुभएको यस कार्यक्रममा धम्मवती गुरुमाँले सम्मान समारोहको मुख्य उद्देश्य प्रस्तुत गर्नुहुँदै भन्नुभयो– "आ-आफ्ना देवदेवीहरूको नाम जप्नुलाई मात्र धार्मिक कार्य भनिने होइन, आ-आफ्ना पदको दायित्त्व अनुसार कर्त्तब्य पालन गर्ने कार्यलाई पनि धार्मिक कार्य भनिन्छ । मन्त्रीज्यूहरूबाट पनि

*लुम्बिनीमा भएको बौद्ध सम्मेलन सफलतामा विशेष योगदान पुऱ्याउनु भएकोमा प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालालाई सम्मानपत्र प्रदान गर्दै धम्मवती गुरुआमा ।*

## सम्मान समारोह

२०५५ पौष २५ र २६ गते । स्थान: धर्मकीर्ति विहार ।

२०५५ मंसीर १४, १५ र १६ गतेसम्म शाक्यमुनी बुद्धको जन्मस्थल लुम्बिनीमा विश्व बौद्ध शिखर सम्मेलन भव्यताका साथ सम्पन्न गराउन विशेष योगदान पुऱ्याउनु भएकोमा प्रधान मन्त्री गिरीजा प्रसाद कोइराला र युवा खेलकूद तथा सँस्कृती मन्त्री श्री पूर्णबहादुर खड्कालाई धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा आयोजित एक विशेष समारोहमा धर्मकीर्ति विहारले सम्मानपत्र प्रदान गरेको छ ।

पौष २५ गते । धर्मानुशासक भिक्षु अश्वघोष महास्थविरको सभापतित्त्वमा संचालित यस दिनको समारोह उहाँ भन्तेन्यूबाट नै शील प्रार्थना गराउनु भई सुरू गरिएको थियो ।

यस दिन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका



*मंसीर १४-१६ मा लुम्बिनीमा विश्व बौद्ध सम्मेलन सफल गर्न विशेष योगदान पुऱ्याउनु भएकोमा सँस्कृति मन्त्री पूर्णबहादुर खड्कालाई धम्मवती गुरु आमाले सम्पानपत्र प्रदान गरेको दृश्य ।*



Downloaded from http://www.dhamma.digital



*धर्मकीर्ति विहारको तर्फबाट आयोजना भएको सम्मान समारोहको दृश्य*

गर्नुभएको उक्त समारोहमा डान्स स्कूल ताम्सिपाखाबाट पञ्चबुद्ध चर्या नृत्य पनि प्रदर्शन गरिएको थियो । यसदिन विकासरत्न तुलाधर र प्रफुल्ल तुलाधरले कार्यक्रम संचालन गर्नुभएको थियो ।

पौष २६ गते । पौष २५ गते संचालित सम्मान समारोहमा प्रधानमन्त्री श्री गिरिजा प्रसाद कोइरालाज्यूलाई पनि सम्मान गर्ने कार्यक्रम रहेको भएपनि प्रतिकूल मौसमको कारणले भरतपुरबाट विमान उड्न नसकेपछि उहाँ समारोहमा उपस्थित हुन असमर्थ हुनु भएकोले पौष २६

लुम्बिनीमा सम्पन्न प्रथम विश्व बौद्ध सम्मेलनमा यस्तै धार्मिक कार्यहरू गर्नुभएको हुँदा उहाँहरूलाई धार्मिक ब्यक्तिको रूपमा सम्मान गरिएको हो । भविष्यमा पनि उहाँहरूले धार्मिक ब्यक्तिकै रूपमा रहेर आ-आफ्ना पदिय दायित्व निभाउने आशा राख्दछु ।

अध्ययन गोष्ठीका सदस्य मदनरत्न मानन्धरले बौद्ध शिखर सम्मेलनमा बौद्धहरू र स्थानिय जनतालाई न्यून सहभागी गराइनु र लुम्बिनी क्षेत्रमा उद्योग खोल्ने जस्ता कार्यहरू भइरहेको जनगुनासोलाई लिई खेद प्रकट गर्नुभएको थियो । समारोहमा बर्मी राजदूत र थाई राजदूतको सचिव पनि उपस्थिति थियो ।

मन्त्री श्री पूर्णबहादुर खड्काले समारोहमा आफ्नो मन्तब्य प्रकट गर्नुहुँदै लुम्बिनी क्षेत्रमा उद्योग खोल्ने लगायतका कुनै पनि अप्रिय कार्यलाई सरकारी स्तरबाट नै निषेध गराइएको कुरा जानकारी दिनुभयो । लुम्बिनी विश्व शान्ति मुहान नारा होइन वास्तविकता हो भन्नु हुँदै मन्त्री श्री खड्काले भन्नुभयो– "लुम्बिनी घोषणापत्र छिटो लागु गर्न निश्चित समय तोकी श्री ५ को सरकार को तर्फबाट निर्देशन भैसकेको छ । प्रत्येक वर्षको वैशाख पूर्णिमालाई 'लुम्बिनी दिवस' को रूपमा सरकारद्वारा मनाउने घोषणा समेत भैसकेको र श्री ५ को सरकारले लुम्बिनी विकासलाई प्रथम प्राथमिकता दिई कार्य थाल्नु निर्देशन समेत भइसकेको कुरो जानकारी दिन चाहन्छु ।" यसको साथसाथै लुम्बिनी विश्व शान्तिको वास्तविकता हुनुको साथै जलस्रोत पछि देशको दोश्रो आर्थिक स्रोतको माध्यम बन्ने पनि विश्वास ब्यक्त गर्नुभयो ।

सभाका सभापति अश्वघोष महास्थविरले हिन्दू राष्ट्र घोषित सरकारबाट बौद्ध सम्मेलनलाई सफलतापूर्वक सम्पन्न गरेको कार्यलाई प्रशंसा गर्नुहुँदै यस सम्मेलनलाई अझ बढी सफल बनाउनका लागि मायादेवी मन्दिर पुन: निर्माण कार्यको सिघ्र थालनी गर्नुपर्ने सुझाव पनि ब्यक्त गर्नुभयो ।

गोष्ठीका सल्लाहकार लोकदर्शन बज्राचार्यले धन्यवाद ज्ञापन गते प्रधानमन्त्रीज्यूको सम्मानमा पुन: एक विशेष समारोह संचालन गरियो ।

अध्ययन गोष्ठीका सचिव श्री अरूण सिद्धि तुलाधरबाट संचालित उक्त कार्यक्रममा प्रधानमन्त्री श्री गिरीजा प्रसाद कोइरालाले दीप प्रज्वलन गरी बुद्ध पूजा गर्नुभयो ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका अध्यक्ष धम्मवती गुरुमाँले प्रधानमन्त्रीज्यूलाई सम्मानपत्र, धर्मकीर्ति अंकित प्रतिक र बुद्ध मूर्ति प्रदान गर्नुभएको थियो भने अध्ययन गोष्ठीका सल्लाहकार सानुरत्न स्थापितले कार्यक्रमको पुस्तकहरू र ब्याच प्रदान गर्नुभएको थियो ।

समारोहलाई सम्बोधन गर्नुहुँदै प्रधानमन्त्री कोइरालाले बुद्ध धर्मका अनुयायीहरू धर्मको टुप्पो र हाँगा बिंगामा रूमल्लिएर बसेमा धर्मलाई चिन्न सक्दैनन्, धर्मको मूल जरामा पुग्नुपर्छ भन्ने बुद्धले दिनुभएको सन्देशको मर्मलाई हामीले बुझ्नुपर्छ भन्नुभयो । उहाँले हिन्दू, बौद्ध, इशाई सबै धर्मको मूल भावना नै बहुजनको हित, बहुजनको सुख हो भन्ने धारणा ब्यक्त गर्नुहुँदै नेपालमा हालै सम्पन्न भएको विश्व बौद्ध शिखर सम्मेलनबाट विश्व मानसमा भगवान बुद्धको जन्मस्थलबारे उत्पन्न भ्रम निराकरण भएको चर्चा गर्नुभयो ।

प्रधानमन्त्रीले श्री ५ को सरकार लुम्बिनीमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न प्रतिबद्ध रहेको कुरो पनि ब्यक्त गर्नुभयो ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका अध्यक्ष धम्मवती गुरुमाँले भगवान बुद्धको जन्मस्थल लुम्बिनीको विकास गर्न सबै नेपाली एकजूट हुनुपर्ने आवश्यकतालाई औंल्याउनुभयो ।

भिक्षु अश्वघोष महास्थविरले सभापतिको आशनबाट विश्व बौद्ध सम्मेलन ऐतिहासिक रूपमा सम्पन्न गराइएकोमा श्री ५ को सरकारमा धन्यवाद ज्ञापन गर्नुभयो । यस समारोहमा युवा खेलकूद तथा सँस्कृति मन्त्री पूर्णबहादुर खड्का पनि उपस्थित हुनुहुन्थ्यो ।



Downloaded from http://www.dhamma.digital

छलफल

✍ मेघदूत

# सब्ब रसं धम्म रसं जिनाति

आजको छलफल कार्यक्रममा त ज्यादै कम सहभागीहरूको उपस्थिति देखियो नि कसो ? जाडो बढेकोले हो कि ?

एकजना सहभागीले भन्यो– "धेरैजना सहभागी भए पनि नभए पनि कार्यक्रम भनेको ठीक समयमा नै संचालन गरिनु पर्छ। अरूहरू पनि आउला भनेर पर्खिंदै बस्न हुँदैन । बानी बिग्रन्छ । किनभने यो छलफलको कार्यक्रम त हो नि। अरू ठूलठूला कार्यक्रमहरूमा जस्तो प्रमुख अतिथि मन्त्रीज्यू नै पाल्नु भएको छैन भनेर कुर्नुपर्ने जरूरत त छैन नि हाम्रो कार्यक्रममा । जे भएपनि ८-१० जवान सहभागीहरूको उपस्थिति त भैसक्यो नि।

आयोजकको तर्फबाट एकजनाले बोल्न थाल्यो– "आज त नयाँ नयाँ अनुहार लिएर आउनु भएका सदस्यहरूको आगमन भएकोले पहिला यहाँहरूको परिचय पाउनु नै बेस हुनेछ ।

नयाँ सहभागीहरूले भन्नथाल्यो- "हामी बनेपा निवासी राजनैतिक कार्यकर्ताहरू हौं । हामी वामपन्थी विचारधाराका हौं। हाम्रो डेराका घरपति बा भिक्षुहरूको विहारमा जाने उपासक रहेछ । त्यसैले उहाँको घरमा महिनै पिच्छे धर्मकीर्ति पत्रिका आउने गर्छ। घरपति बाले त्यस पत्रिका हामीलाई पनि पढ्न दिनुहुन्छ । फलस्वरूप हामीले त्यस पत्रिकाबाट थुप्रै ज्ञानवर्द्धक कुराहरूको जानकारी पायौं। त्यति मात्र होइन घरपति बासँग बुद्ध शिक्षा सम्बन्धी अरू पनि थुप्रै पुस्तकहरू रहेछन्। ती पुस्तकहरू पढेर हामीले थाहा पायौं– बुद्ध धर्म साम्प्रदायिक र संकुचित विचारधाराको रहेनछ । हामीलाई त ज्यादै प्रभावित पारिदियो ती पुस्तकहरूले। अध्ययन गर्न लायकको रहेछ बुद्ध शिक्षा । साधारण नेपाली बौद्धहरूको जीवन पद्धति र बुद्ध शिक्षामा पनि धेरै अन्तर पायौं हामीले । त्यसैले हामीलाई बुद्ध शिक्षा धेरै राम्रो र व्यवहारिक लाग्न थाल्यो।

एकजना सहभागीले आफ्नो खल्तीबाट एउटा कागज झिकेर यसलाई पढ्दै प्रश्न गर्न थाल्यो– '**सब्ब रसं धम्म रसं जिनाति**', '**सब्ब दानं धम्म दानं जिनाति**' भनेको अर्थ के होला ? जान्न पाए बेश हुन्थ्यो । हाम्रो घरपति बाले हाम्रो जिज्ञासालाई जानेरै होला उहाँले हामीलाई काठमाडौंमा समय समयमा छलफल कार्यक्रमहरू भइरहन्छ, त्यहाँ गई बुद्ध शिक्षा बारे उठेका जिज्ञासाहरूलाई हल गर्न सकिन्छ भनेर सुझाव दिनु भएकोले हामी यस कार्यालयलाई खोज्दै बल्ल यहाँ आइपुगेका हौं ।

आयोजकहरूको तर्फबाट एकजनाले भन्नथाल्यो– "तपाईंहरूलाई हाम्रो तर्फबाट स्वागत छ। धेरै खुशीको कुरो हो, तपाईंहरू राजनैतिक कार्यकर्ता भएर पनि बुद्ध धर्ममा रूचि राखेर खोजी-खोजी यहाँसम्म आउनुभयो । धेरैजसो राजनैतिक कार्यकर्ताहरूलाई धर्मप्रति आस्था कम नै हुन्छ ।

नयाँ सहभागी मध्ये एकजनाले भन्यो– "हामीलाई भने अन्धविश्वासी धर्म मन पर्दैन । तर बुद्ध शिक्षा त प्रगतिशील विचार धाराको भएकोले यो जातीभेद नभएको मानव धर्म रहेछ। त्यसैले यसमा अन्धविश्वासलाई ठाउँ दिएको छैन । अँ, हामीले अघि उठाएको पाली वाक्य बारे अर्थ जान्न पाए हुन्थ्यो ।

उत्तर आयो– तपाईंहरूले सोधन लागेको पालि वाक्यको प्रश्न त वडो महत्त्वपूर्ण र गम्भीर प्रश्न हो । '**सब्ब रसं धम्म रसं जिनाति**' भनेको त सबै प्रकारको रसलाई धर्म रसले जित्छ भनेको हो । यहाँ रस भन्नाले अमिलो, गुलियो र नुनिलो आदि जीब्रोले स्वाद लिने रसलाई भन्न खोजिएको होइन । यी सबै रसहरू मध्ये धर्मको रस उत्तम भनिएको हो । उदाहरणको लागि बुद्ध धर्म सम्बन्धी पुस्तक र धर्मकीर्ति पत्रिका पढेर हाल तपाईंहरूको मनमा जुन श्रद्धा र आनन्दको अनुभव भएको छ, त्यही नै धर्मको रस हो । धर्म सम्बन्धी शिक्षाहरूलाई अनुभव गरेपछि जुन आध्यात्मिक सुख पाउन सकिन्छ, त्यही धर्म रस हो । अमिलो, नुनिलो र गुलियो स्वादको रस त क्षणिक सन्तुष्टिबाट प्राप्त भएको सुखको अनुभूति मात्र हो। धर्मरस पान गरेर जुन आनन्द र सन्तुष्टि प्राप्त हुन्छ, त्यो सदाको लागि रहने सुख हो । जतिजति आध्यात्मिक सन्तुष्टिमा उन्नति हुन्छ, त्यतित्यति धर्मरसको मूल्य बढ्छ। धर्मको रस बुझ्ने व्यक्तिले अरूलाई अहित हुने, दुःख हुने, अप्ठयारा कार्यहरू गर्न हिच्किचाउँछ।

"**सब्ब दानं धम्म दानं जिनाति**" भनेको सबै दानलाई धर्म दानले जित्छ भनेको हो । तपाईंहरूका घरपति बाले तपाईंहरूलाई धर्मकीर्ति पत्रिका र धर्म सम्बन्धी पुस्तकहरू पढ्न दिई जुन सेवा गर्नुभएको छ, त्यसलाई पनि धर्मदान भन्न सकिन्छ । यसरी ज्ञानवर्द्धक पुस्तकहरू दान दिनु र धर्म प्रचार गर्नुलाई धर्मदान भनिन्छ । तपाईंहरूले पनि



Downloaded from http://www.dhamma.digital

अरूलाई बुद्धका रचनात्मक शिक्षाहरू प्रचार गर्नुभयो र यस्तै ज्ञानवर्द्धक छलफल कार्यक्रमहरू संचालन गर्नुभयो भने यसलाई पनि धर्मदान गरेको नै भनिन्छ ।

नयाँ सदस्यहरूले एकै स्वरमा भन्नथाले– आज त हामी यहाँ आएर खुब राम्रो गरेछौं र थुप्रै ज्ञान पनि लाभ गऱ्यौं । लौत अबेर पनि भयो । धेरै टाढा जानु छ, त्यसैले बिदा पाउँ ।

आयोजकहरूको तर्फबाट अनुरोध आयो– अरू पाँच-दश मिनेट बस्नु भए अरू पनि केही ज्ञानवर्द्धक कुराहरू सुन्न पाउनु हुनेथियो कसो ? उत्तर आयो– हुन्छ नि त त्यसो भए १०-१५ मिनेट अझ बसौंला नि !

अर्का एकजना सदस्यले आफ्नो परिचय दिंदै भन्यो– म लुम्बिनीबाट आएको । लुम्बिनी त बुद्धको जन्मस्थल हो । त्यसैले त्यस पवित्र स्थलको वातावरण त अवश्य पनि शुद्ध हुनुपर्ने देखिन्छ । तर अपशोचको कुरा । त्यहाँ त बेलुकी पख लुम्बिनी विकास कोषका कोही कोही कर्मचारीहरूले सर्वोच्चानन्द पान गरेर मस्त भएर बस्दा रहेछन् । त्यस्तै वनभोज मनाउन आउने मोजमस्ती प्रेमीहरूले पनि टन्न रक्सी पिएर त्यस पवित्र स्थलमा होहल्ला मच्चाउन पछि पर्दा रहेनछन् । यसरी त्यस पवित्र र शान्त स्थानको शान्त वातावरणको शान्ति भंग भैराखेको देखिन्छ । त्यसैले लुम्बिनीलाई मदिरा निषेधित क्षेत्र बनाउन सकेको खण्डमा बडो राम्रो हुने थियो ।

एकजनाले भन्यो– यो त श्री ५ को सरकारलाई भन्नुपर्ने कुरो हो । हामी पऱ्यौं छलफल कार्यक्रम मात्र संचालन गरिराख्ने साधारण व्यक्ति ! के गर्नु ? हामीमा त्यस्तो कार्य गर्ने अधिकार नै छैन ।

प्रश्नकर्ताले भन्यो- होइन, यहाँ यसरी छलफल भइराखेको कुरो सबै धर्मकीर्ति पत्रिकामा टेप गरेको जस्तै छापिन्छ भनेको नि । फेरि धर्मकीर्ति पत्रिका त राष्ट्रब्यापी पत्रिका । त्यसैले यस पत्रिका त सरकारी क्षेत्रमा पनि पुगिहाल्छ नि । त्यसैले धर्मकीर्ति पत्रिका मार्फत सम्बन्धित स्थानहरूमा मेरो जिज्ञासा पनि पुग्ला कि भन्ने विश्वास लिई यहाँसम्म आएर मैले मेरो गुनासो पोख्न आएको ।

रक्सी बडो जटिल समस्या हो । सबैलाई थाहा छ, मदिरा पान खतरा छ, सर्वस्व नाश हुने र कलहको बीउ हो भन्ने कुरो । तर ... ... ! दिनका दिन रेडियो मार्फत प्रचार भइरहन्छ– रक्सीले गर्दा घर-घरमा अशान्ति हुने गर्छ भन्दै । हालै मात्र गोरखापत्रमा छापेको छ, रक्सी खाएर एक ब्यक्तिले आफ्नै छोरी माथि कुटपीट र बलात्कार जस्ता घृणीत कार्य गर्न खोजेकोले छोरीले त्यस राक्षस स्वभावको बुबालाई बञ्चरोले हानेर मारीछ ।

यस्ता यस्ता घटनाहरू त समाजमा दोहरीरहन्छ । तैपनि धेरै जसोले त्यही रक्सीलाई माया गरिराखेको नै देखिन्छ । के गर्नु ? रक्सी मानव जीवनको महान शत्रु हो । तैपनि मूर्खहरूले यसलाई नै मित्र ठानी पिउने गर्छन् ।

हो, यो त सत्य कुरो हो । तपाइँले त आज बडो चाखलाग्दो र नौलो कुरो छलफलमा ल्याउनुभयो । धन्यवाद छ ! तपाइँलाई । लौ त, आजलाई यत्तिकैमा छलफल कार्यक्रम टुंग्याउनु पर्ला । साँझ पनि परिसक्यो । अरू कुरा पछि गर्दै गरौंला । आजलाई बिदा !

धर्मप्रचार — समाचार

## धर्मोदय सभाको साधारण सभा

काठमाडौं । संघनायक भिक्षु अनिरूद्ध महास्थविरले धर्मोदय सभाको एक समारोह बीच शुक्रबार साधारण सभाको उद्घाटन गर्नुभयो ।

भिक्षु कुमार काश्यप महास्थविरद्वारा परम्परानुसार शीलप्रार्थना गरी सञ्चालन प्रारम्भ भएको उक्त समारोहलाई सम्बोधन गर्दै सल्लाहकार सभाका अध्यक्ष भिक्षु सुदर्शन महास्थविरले जसलाई आज हामी मायादेवीको मन्दिर भनिरहेका छौं त्यो मायादेवीको मन्दिर नभई बुद्धको जन्म स्मारक मात्र हो भन्नुभयो ।

लुम्बिनीको विकास नभएसम्म देशको एक तिहाई भागको पनि विकास गर्न नसकिने विचार ब्यक्त गर्नुहुँदै उहाँले सस्तोरूपमा प्रचारवादी भएर कुराकानी गर्न नहुने बताउनुभयो ।

लुम्बिनी विकास संघका सदस्य सचिव विमलकुमार शर्माले बौद्ध शिखर सम्मेलनमा जारी भएको घोषणापत्र अक्षरस: लागू गर्नुपर्ने कोषको चुनौती रहेको बताउँदै शिखर सम्मेलनको विश्वको माझ लुम्बिनीलाई अझ नजिक पुऱ्याएको चर्चा गर्नुभयो ।

कपिलवस्तु हाम्रो आफ्नो ठाउँ भनी हामी गौरव गर्छौं तर त्यही ठाउँ उपेक्षित भइरहेको चर्चा गर्नुहुँदै भिक्षु अश्वघोष महास्थविरले यथाशीघ्र मायादेवीको मन्दिर निर्माण गर्न माग गर्नुभयो ।

समारोहमा सभापतिको आसनबाट बोल्दै सभाका अध्यक्ष ठुङ्ग्राम ग्याल्टुलरीम्पोचेले बुद्ध धर्मको आफ्नै विशेषताले गर्दा संसारभर यसको लोकप्रियता बढ्दै गएको चर्चा गर्नुभयो ।

बुद्ध उपदेश आजसम्म सत्य र ग्राह्य भएको बताउँदै उहाँले संसारमा धर्मयुद्ध चलेपनि बुद्ध धर्मले अहिंसाको मार्ग अपनाइरहेको कुरा गर्नुभयो ।

सो अवसरमा पण्डित बद्रीरत्न बज्राचार्यले बज्रयान परम्परा अनुसार स्वस्तिवाचन र लामा गुरुछेचु कुष्योले महायानी परम्पराअनुसार बुद्ध प्रार्थना गर्नुभएको थियो ।

Downloaded from http://www.dhamma.digital

बा.अ.का.द.नं. - ७०/०४०/४१

सम्पादकीय

# पूर्वाग्रह र साम्प्रदायिकता

बुद्धको उपदेशहरूको मूल लक्ष नै निर्वाण अर्थात् सांसारिक दुःखबाट मुक्ति पाउनु हो । यस्तो निर्वाण वा दुःखबाट मुक्ति प्राप्त गर्ने कार्यलाई मन नपराउने र यसलाई सराहना नगर्ने ब्यक्ति को होला र ? प्रश्न उठ्न सक्छ, निर्वाण वा दुःखबाट मुक्ति पाउनका लागि के गर्नु पर्दो रहेछ ? र कुन बाटोमा लाग्नु पर्दो रहेछ ? यसको लागि त सर्वप्रथम मिथ्या दृष्टिलाई त्यागेर सम्यक् दृष्टिलाई अपनाउनु जरूरी हुन्छ ।

सम्यक दृष्टिमा पूर्वाग्रह र साम्प्रदायिक भावनालाई कुनै स्थान छैन । किनभने निर्वाणको बाटोमा यी दुवै तत्त्वहरू बाधा र तगारोको रूपमा खडा भैदिन्छन् । यिनीहरूले एक आपसमा झैझगडा, अशान्ति र दुःखको वातावरण सृजना गरिदिन्छ ।

बुद्ध शिक्षामा कर्मकाण्ड र जातीपातीलाई पनि स्थान छैन । किनभने ठूलाले सानालाई होचो ठानी हेप्ने प्रवृत्तिले गर्दा समाजमा स्वतः नै अशान्ति फैलिने हुन्छ । अनि दुःखबाट कसरी मुक्त हुने ? निर्वाणको बाटोमा लाग्ने ब्यक्ति कुनै पनि विषयमा आसक्त बन्न हुँदैन । ऊ त मध्यम मार्गी बन्नुपर्छ ।

यहाँनेर प्रश्न उठ्न सक्छ, के देश उन्नति कार्यहरूमा लाग्ने ब्यक्तिले आफ्नो देशप्रति पनि आसक्त बन्न मिल्दैन त ? देशप्रति आसक्त बन्नु र आफ्नो ब्यक्तिगत जीवनप्रति आसक्त बन्नुमा ठूलो अन्तर छ । आफ्नो देश प्रति माया रहनु पाप होइन । तर एउटा जातीलाई मात्र च्यापी पूर्वाग्रही बनी आन्दोलनमा संलग्न हुँदा अशान्ति र कलह हुन थाल्छ । त्यसैले सरकारले देशका कुनै पनि जाती र धर्मलाई असमान ब्यवहार गर्न हुँदैन । धर्मप्रति साम्प्रदायिक भावना राख्ने बानीलाई हटाई धर्म निरपेक्षलाई अँगाल्नु राम्रो हुने देखिन्छ ।

बुद्ध शासनमा बुद्धको जीवनकालपछि करीब एकसय वर्ष जति पछि पूर्वाग्रह र साम्प्रदायिक भावनाले ठाउँ लिन थाल्यो । दुई सय वर्ष पछि त बुद्धका अनुयायीहरू शाखा प्रशाखा हुँदै फैलिन थाल्यो । बुद्ध धर्मका मूल प्रवाहहरूले थेरवाद (हीनयान), महायान र बज्रयानको रूप लिन थाले । फलस्वरूप यसरी विस्तारै धेरैजसोले आफ्नो धर्मको मूल उद्देश्य निर्वाण मार्गलाई नै बिर्सिदिए । दुःखबाट मुक्ति हुने मार्गको विषयलाई केवल उपदेश र कुरा मात्रमा सीमित गरिन थालियो । तर यसको लागि गर्नुपर्ने काम कारवाही र ब्यवहारलाई भने उद्देश्य विपरित गई गरिन थालियो ।

उदाहरणको लागि निर्वाण प्राप्त गर्नको लागि तृष्णाबाट टाढा रहनुपर्नेमा झन् एक आपसमा लोभ लालचको दृष्टि राखी धर्म प्रचार गर्न थालियो । आफ्नो आचरण शुद्धितिर ध्यान नदिई केवल पूजा, पाठ र प्रार्थनामा मात्र सीमित रहन थालियो । दुःखको कारणलाई पत्ता लगाई यसलाई जरा नै उखेलेर फाल्ने कार्यतिर नलागी अरूको दोष मात्र खोतली आफ्नो गल्ती छोप्दै हिंड्दै कार्यतिर लाग्न थालियो । धेरैजसोमा आ-आफ्नो गल्तीलाई महशुस गर्ने बानी हराएर गएको देखिन्छ । त्यसैले धेरैजसोमा आ-आफ्नो कर्त्तव्यपालन गर्ने बानी पनि हराएर गएको देखिन्छ । यसरी सबैले शान्तिलाई चाहँदा चाहँदै पनि पूर्वाग्रह र संकीर्ण विचारधारालाई त्याग्न नसकेको कारणले धार्मिक क्षेत्रमा पनि राजनैतिक क्षेत्रमा पनि शान्ति टाढिंदै गएको देखिन्छ ।

अतः हामीमा साँच्चै नै दुःखबाट मुक्त हुने चाहना रहेको छ भने हामीले सर्वप्रथम शान्तिको मार्गमा अवरोध बनिरहेको पूर्वाग्रह र साम्प्रदायिक भावनाको जरालाई आ-आफ्नो मनबाट झिकेर फाल्नु परेको छ । यस कार्यलाई हामी सबैले सफलतापूर्वक अगाडि बढाउन सकौं भनी धर्मकीर्तिको चाहना र अनुरोध रहेको छ ।

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय : नक्साल, नागपोखरी पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४४४, काठमाडौं, नेपाल । फोन : ४३४८५०, ४३४७५३
व्यापारिक कार्यालय : शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : २५९०३२, २५९४५०, फ्याक्स : (९७७-१) २५८६७८
Downloaded from http://www.dhamma.digital